# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## हिमाली गाउँपालिका

बाजुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## हिमाली गाउँपालिका
### बाजुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## हिमाली गाउँपालिका

## बाजुरा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योँट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५६५

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
हिमाली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बाजुरा ।

**कैफियत सहितको राय**

हामीले हिमाली गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २ करोड ५७ लाख ८५ हजार बेरुजू देखिएको छ । सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १५ लाख ४० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९६ लाख ५० हजार, नियमित गर्नुपर्ने रु १ करोड ३९ लाख ९५ हजार र पेश्की रू. ६ लाख रहेको छ। पालिकाको गतवर्ष सम्म रु. १० करोड ५८ लाख बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फछ्र्यौट एवं कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १२ करोड ७८ लाख ९३ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

हिमाली गाउँपालिका, बाजुरा

## १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७९ | ८३ | २५७८५ | ० | ० | ० | ७९ | ८३ | २५७८५ | १५४० | १३९९५ | ९६५० | ० | ० | २३६४५ | ६०० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| हिमाली गाउँपालिका, बाजुरा | १०५८०० | ० | ३६९२ | १०२१०८ | ० | २५७८५ | १२७८९३ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : हिमाली गाउँपालिका, बाजुरा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | राज बहादुर भण्डारी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मनि राम खत्री | २०७८-९-२९ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २५,७८५,८४४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,१७,६७,५८३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७,१२,५४,००० | **चालु खर्च** | २०,१५,२१,६९८.४ |
| **प्रदेश सरकारबाट अनुदान** | १,१८,३५,००० | **पूँजीगत खर्च** | १२,३७,८०,५६२.९२ |
| **राजश्व बाँडफाँट** | ६,०९,२८,२०२.७१ | **वित्तीय/अन्य व्यवस्था** | ८,९८,२९,७४४.४ |
| **आन्तरिक आय** | १३,०७,९००.९६ | | |
| **अन्य आय** | ६,६८,८५,५८०.७ | | |
| **कुल आय** | ४१,२२,१०,६८४.३७ | **कुल खर्च** | ४१,५१,३२,००५.७२ |
| **बाँकी मौज्दात** | | १,८८,४६,२६१.६५ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | परिचय<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, ८३०.३३ वर्ग किलोमिटर क्षेत्रफल तथा १०५०३ जनसंख्या (राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक विवरण अनुसार) रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार स्वीकृत भएको ईकाइगत लेखापरीक्षण योजना बमोजिम पालिकाले पेश गरेको आर्थिक विवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण तथा लेखापरीक्षणको अन्तराष्ट्रिय नीति, मानदण्ड तथा मार्गदर्शनलाई आधार मानी पालिकाको आर्थिक बर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभुत रुपमा उल्लेखित नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर पालिकाका सम्वन्धित पदाधिकारीहरु सँग छलफल भई कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br><br>लेखापरीक्षणको क्रममा अग्रिम कर कट्टी नगरेको, नपाउने बैठक भत्ता भुक्तानी भएको, बढी भुक्तानी भएको रकम र कार्यक्रम पेश्की फिर्ता गरेको रकम समेत जम्मा रु. १३,१९,५१२।- असुल भई राजस्व दाखिला भएको छ । | |
| ४ | | | **वित्तीय विवरण एवं आय व्यय विवरणको विश्लेषण** | |
| ४.१ | | | **एकिकृत आय व्ययको विवरण :** यस पालिकाको आर्थिक बर्ष २०७८।७९ को आय व्ययको विवरण निम्नानुसार छ । | |

| **आयतर्फ** | | | **ब्ययतर्फ** | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | गत बर्षको जिम्मेवारी | **२१७६७५८३.००** | १ | चालु खर्च | **२०१५२१६९८.४०** |
| २ | राजस्व बाँडफाड वाट प्राप्त | **६२२३६१०३.९७** | २ | पुँजिगत खर्च | **१२३७८०५६२.९२** |
| | आन्तरिक | १३०७९००.९६ | ३ | अन्य खर्च | **८९८२९७४४.४** |
| | संघीय | ५९६०१६१३.७४ | | सामाजिक सुरक्षा | ४३६५३७९३.०० |
| | प्रदेश | १३२६५८८.९७ | | बिषयगत निकाय | ५१३९७०७.०० |
| ३ | संघीय अनुदान | **२७१२५४०००.००** | | कोष खर्च | १३२७५८७१.८० |
| | समानीकरण | ७७००००००.०० | | धरौटी फिर्ता | ४६५०१३५.०० |
| | सशर्त | १७३४५४०००.०० | | अनुदान फिर्ता खर्च | २३११०२३७.६० |
| | समपुरक | २०८०००००.०० | | | |
| | बिशेष | ०.०० | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | प्रदेश अनुदान | **११८३५०००.००** | ४ | बैंक मौज्दात | **१८८४६२६१.६५** |
| | समानीकरण | ५३०९०००.०० | | बैंक खाता मौज्दात | १०८९९२१६.६९ |
| | समपुरक | ४०२६०००.०० | | धरौटी खाता | ५८४९६४०.२६ |
| | बिशेष | २५०००००.०० | | कोष खाता | २०९७४०४.७० |
| ५ | अन्य आय | **६६८८५५८०.७०** | | | |
| | सामाजिक सुरक्षा | ४३६५३७९३.०० | | | |
| | बिषयगत निकाय | ५१३९७०७.०० | | | |
| | धरौटी | २५३०९९५.०० | | | |
| | कोषतर्फको | १५५६१०८५.७० | | | |
| | अन्य | | | | |
| | **जम्मा** | ४३३९७८२६७.३७ | | **जम्मा** | ४३३९७८२६७.३७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात बीच रु. ७०,५५,९७२।-ले फरक देखिएको छ ।<br>• पालिकाले (SuTRA) मा सामाजिक सुरक्षा तथा संरक्षण र संघतर्फको अन्तरसरकारी अख्तियारीको रकम समावेश गरेको छैन ।<br>• पालिकाको आन्तरिक राजस्व खाताको बैंक मौज्दात रु. १,९०,९९०।८० रहेकोमा उक्त मौज्दात रकमलाई आय व्यय विवरणमा समावेश गरेको देखिएन ।<br><br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ। | |
| ४.३ | | | **जिम्मेवारी फरक परेको** : पालिकाको सञ्चित कोषमा गत विगतको बाँकी, रकम यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राखी जिम्मेवारी एकिन गर्नुपर्दछ । तर पालिकाको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु. २,८३,४७,१२२।३८ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. २,१७,६७,५८३।-जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ६५,७९,५३९।३८ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने रु. | ६,५७९,५३९ |
| ४.४ | | | **बैंक हिसाब मिलान** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खातामा निम्नानुसार रकम फरक देखिएको छ । पालिकाले स्रेस्ता र बैंक बीच फरक परेको रकमको हिसाव मिलान गर्नुपर्दछ ।<br><table><tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक रकम</th></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>सञ्चित कोष</td><td>९०१००</td><td>१०८९९२१६</td><td>१०८०९११६</td></tr>
<tr><td>२</td><td>चालु खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>३</td><td>पूँजीगत खाता</td><td>५२९७२५८</td><td>०</td><td>५२९७२५८</td></tr>
<tr><td>४</td><td>धरौटी खाता</td><td>५८४९६४०</td><td>५८४९६४०</td><td>०</td></tr>
<tr><td>५</td><td>आन्तरिक राजस्व खाता</td><td>१९०९९०</td><td>१९०९९०</td><td>१९०९९०</td></tr>
<tr><td>६</td><td>बिबिध खर्च खाता</td><td>५५३२९०</td><td>२०९७४०४</td><td>१५४४११४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११९८१२७८</td><td>१९०३७२५०</td><td>७०५५९७२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण प्रणाली<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन।<br><br>
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सोको पुर्णरुपमा अद्यावधिक गरेको पाईएन ।<br>
• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानुन एवं कार्यविधि निर्माण गरेतापनि सोको प्रभावकारी कार्यान्वयन गरेको छैन ।</li>
<li>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।</li>
<li>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।</li>
<li>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।</li>
<li>संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।</li>
<li>मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ-टी-डि-एस गरेको पाइएन ।</li>
<li>निजामती सेवा ऐन, २०४९ को दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाईएन ।</li>
<li>राजश्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैङ्किङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।</li>
<li>स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंङ्क खडा गरेको देखिएन ।</li>
<li>दिगो विकास योजना (२०१६-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।</li>
<li>पालिकाले जिन्सि सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।</li>
<li>वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सि खाता अध्यावधिक गरेको पाईएन।</li>
</ul>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाईएन ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजरमा राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• मालसामसान वा सेवा खरिद वापतको भुक्तानी गर्दा रु. ५० हजार भन्दा बढीको रकम अनिवार्य रुपमा सम्वन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्नेमा कतिपय कार्यालयकै कर्मचारीको नाममा भुक्तानी दिने गरेको देखियो ।<br>• कर्मचारीले एक पटक लिएको पेश्की फर्स्यौट नगरेको अवस्थामा पुन पेश्की दिने गरेको देखियो ।<br>• पालिकाले उपभोक्ता समितिसँग निर्माण कार्य तोकिएको समयमा कार्य सम्पन्न नगरेको अवस्थामा पुरानो गत बिगत बर्षको योजनाको रकम समेत यस आर्थिक बर्ष भुक्तानी दिएको ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

- आर्थिक बर्षको अन्त्यमा मात्र पेश्की फस्यौंट गर्ने गरेको ।
- पालिकाले कुनै पनि वडामा मालपोत शुल्क नउठाएकोले मालपोत शुल्क उठाई राजश्व दाखिला गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बजेट, कार्यक्रम तथा योजना</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका प्रमुख श्री गोविन्द बहादुर मल्लले मिति २०७८/०३/१० गते रु. ३४ करोड ४९ लाख ६४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८/३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८/३/१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति: स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३४८५००३०</td><td>३३०९१३४८</td><td>१०.१९</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>७०६९४५२२</td><td>५६९६१६५५</td><td>१७.५४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>१८३९०७५००</td><td>१६४८४०८२७</td><td>५०.७५</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र</td><td>६४५४०००</td><td>६१३४९६५</td><td>१.८९</td></tr>
<tr><td>५</td><td>कार्यालय संचालन तथा प्रशासनिक</td><td>७४१४०७५०</td><td>६३७७३४६४</td><td>१९.६३</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३७१०४६८०२</td><td>३२४८०२२६०</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले बिनियोजन गरेको बजेट वाट यस बर्ष भएको कुल खर्च मध्ये सबैभन्दा बढी खर्च सामाजिक विकासमा ५०.७५ प्रतिशत र घटीमा सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र १.८९ प्रतिशत रहेको छ । पालिकाले अन्य क्षेत्र भन्दा पुर्वाधार बिकासको क्षेत्रमा वजेट विनियोजन तथा खर्चलाई बृद्धी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>खर्च बिश्लेषण: पालिकाको यसबर्ष कुल आन्तिरक आयबाट रु. १३ लाख ७ हजार, राजस्व बाँडफाँड, अनुदान र गत बर्षको अल्या समेत रु. ३५ करोड ९१ लाख २३ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २० करोड १० लाख २१ हजार र पूँजिगत तर्फ रु. १२ करोड ३७ लाख ८० हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.४० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ६३ लाख २३ हजार खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा पदाधिकारी सुबिधा खर्च ४८४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२ प्रतिशत चालुमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्म का</td><td>रु ५ लाख देखि १० लाखसम्म का</td><td>रु १०-५० लाख सम्म</td><td>५० लाख भन्दा बढी</td><td>जम्मा</td></tr>
<tr><td>४९</td><td>१०</td><td>१५</td><td>१२</td><td>१२</td><td>३</td><td>१०१</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष १० हजार देखि ५० लाख सम्मका जम्मा ९८ वटा योजना संचालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र ४९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थातर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>
लक्ष्य प्रगति : पालिकाले स्वीकृत कार्यक्रम अनुसार लक्ष्य प्रगति हासिल गर्नुपर्दछ । पालिकावाट प्राप्त विवरण अनुसार यस बर्ष कुल १७२ योजना मध्ये १३ योजनामा शुन्य प्रगति, २ योजनाको २५ प्रतिशत भन्दा घटी प्रगति प्रगति भएको देखिन्छ । पालिकाले स्वीकृत कार्यक्रम अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/ योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>१७२</td><td>१३</td><td>२</td><td>०</td><td>१५७</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.६ | | | **चौमासिक खर्च:** पालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | |
|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक |
| चालु खर्चतर्फ | २०१०२१६९८ | २९१०५५३९ | ४५२९४१४९ | १२६६२१७०९ |
| पूँजिगत खर्चतर्फ | २३३७८०५६२ | ३५२४७३० | २७८१०९८९ | ९२४४४८४२ |
| **जम्मा** | **३२४८०२२६०** | **३२६३०२६९** | **७३१०२१३८** | **२१८८६६५५१** |
| **प्रतिशत** | **१००** | **१०.११** | **२२.५१** | **६७.३८** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ३२ करोड ४८ लाख निकासा भएकोमा प्रथम चौमासिकमा रु. ३ करोड २६ लाख अर्थात ११.११ प्रतिशत, दोश्रो चौमासिकमा रु. ७ करोड ३१ लाख, अर्थात २२.५१ प्रतिशत र तेश्रो चौमासिकमा रु. २१ करोड ८८ लाख, अर्थात ६७.३८ प्रतिशत खर्च गरेको देखिन्छ । पालिकाले आर्थिक बर्षको अन्तमा मात्र खर्च गर्ने कार्यमा नियन्त्रण गरी स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.७ | | | **अनुत्पादक खर्च:** पालिकाले आप्नो क्षेत्राधिकार भित्र वजेट वनाई खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पुर्वाधार विकास मार्फत रोजगारी सृर्जना गर्ने क्षेत्रमा खर्च गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्नेमा मठ मन्दिर निर्माणमा ठुलो रकम खर्च गरेको छ । पालिकाले यस बर्ष गाउँपालिका पुँजिगततर्फ २१ मठ मन्दिर निर्माण कार्यको लागि रु. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ७२,१०,०००।-वजेट विनियोजन गरेकोमा रु. ६८,५९,८३३।-खर्च भएको छ । पालिकाले यस्तो प्रकृतिको अनुत्पादक खर्चलाई नियन्त्रण गरी अन्य पुर्वाधार विकासमा खर्च गर्नुपर्दछ । | |

| कार्यक्रम। योजनाको नाम | विनियोजन | खर्च |
|---|---|---|
| लाटा मष्टा मन्दिर निर्माण | १५०००० | १४८७१७ |
| ऐडी मष्टा मन्दिर धाम निर्माण | १००००० | १००००० |
| हिल्सा मन्दिर गुम्वा निर्माण | ३००००० | २९७६०४ |
| ब्रमदेव मन्दिर निर्माण | १००००० | ९९३२८ |
| सिद्धपुरी मन्दिर मर्मत | ८०००० | ८०००० |
| मष्टा मन्दिर निर्माण हिमाली ५ | ९००००० | ८८९४७० |
| बज्यु मन्दिर निर्माण हिमाली ६ | ५००००० | ५००००० |
| कालसिलो मष्टा मन्दिर निर्माण हिमाली ६ | ४००००० | ४००००० |
| खपर मन्दिर निर्माण हिमाली ६ | ६००००० | ५८५७०० |
| सुकिल हैश मन्दिर निर्माण हिमाली ६ | ७००००० | ७००००० |
| देबिधुरा मन्दिर निर्माण हिमाली ४ | १००००० | ९८०९५ |
| जनजाती मन्दिर निर्माण हिमाली ३ | ४००००० | ४००००० |
| धर्मदेव मन्दिर निर्माण हिमाली ४ वोर्ता | ७४०००० | ७३९४४६ |
| लवासुर मन्दिर निर्माण हिमाली २ कोटीगाउ | ६००००० | ५९६४७३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>स्कोन मन्दिर फिल्ड मर्मत तथा निर्माण</td><td>१०००००</td><td>१०००००</td></tr>
<tr><td>बोर्ता ल्वारमष्टा मन्दिर निर्माण</td><td>१९००००</td><td>१९००००</td></tr>
<tr><td>भराल मन्दिर निर्माण हिमाली ५</td><td>४५००००</td><td>४३५०००</td></tr>
<tr><td>बाला फुगि मष्टा मन्दिर निर्माण हिमाली ७</td><td>२०००००</td><td>०</td></tr>
<tr><td>नेपाली टोल मष्टा मन्दिर निर्माण हिमाली ७</td><td>२०००००</td><td>२०००००</td></tr>
<tr><td>रुगिन मष्टा मन्दिर निर्माण</td><td>१०००००</td><td>०</td></tr>
<tr><td>कैलाश मन्दिर निर्माण हिमाली १</td><td>३०००००</td><td>३०००००</td></tr>
<tr><td>जम्मा</td><td>७२१००००</td><td>६८५९८३३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>७.१</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ७ जना (करार बाहेक) पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर सहित ७६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>कर्मचारी करार– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी</td><td>२,१७२,३६०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले स्वयंसेवक शिक्षक समेत जम्मा ४२ जना कर्मचारीहरु करारमा राखि रु. १,०१,८३,०८०।-खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको पदमा ७ जना कर्मचारी करारमा नियुक्ति गरी बर्षभरीमा रु. २१,७२,३६०।- भुक्तानी गरेको अनियमित देखिएको रु. | |
| ७.३ | | | **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ७ दरबन्दी भएकोमा सबै पद रिक्त भएको देखियो । सेवा प्रवाह गर्ने प्रमुख जिम्मेवारी रहेका सवै पदमा पदपुर्ती नभई रिक्त रहेको र उक्त पदमा अन्य सेवाका कर्मचारीलाई जिम्मेवारी दिई कार्य संचालन गरेको देखियो । पालिकाले वडा सचिवको पदपुर्ती गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्दछ । | |
| ७.४ | | | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था बमोजिम ५९ वटा ऐन, नियम, कार्यविधि लगायतका कानुन निर्माण गरी कार्यान्यनमा रहेका छन् । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | | |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | ७०७ | ७०७ |
| मृत्युदर्ता | ७९ | ७९ |
| बसाईसराई दर्ता | २४ | २४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>विवाह दर्ता</td><td>२०४</td><td>२०४</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>0</td><td>0</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।</td><td></td></tr>
<tr><td>७.५</td><td></td><td></td><td>कल्याणकारि कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कल्याणकारी कोषमा कुनै पनि रकम ट्रान्सफर गरेको र कोषको संचालन सम्बन्धी कुनै पनि ऐन कानूनको समेत व्यवस्था भएको देखिएन</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा समितिमा परेका उजुरी र सोको फस्यौंटको विवरण माग गर्दा उक्त विवरण पर्स नभएकोले फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन पर्ने उजुरीको सम्वन्धमा एकिन भएन ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको छ । पालिकाले मन्त्रालयवाट प्राप्त नमुना कानुनहरुको आधार मानी यस बर्ष सम्म सभावाट ५९ वटा ऐन/नियम/नीति र कार्यबिधि पारित भएको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | देखिन्छ । पालिकाले गाउँसभावाट कानुनहरु पारित गरेता पनि उक्त कानुनहरुको कार्यान्वयन प्रभाकारी रुपमा गरेको देखिएन । पालिकाले निर्माण गरेका कानुनहरुको प्रभाबकारी कार्यन्वयन गर्नुपर्दछ। | |
| ८.३ | | | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको अन्तर सरकारी अख्तियारीको बाहेक अन्य आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । साथै आन्तरिक लेखापरीक्षण शाखा समेत गठन गरेको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ९ | | | **अनुदान प्राप्ति, फिर्ता र अनुगमन** | |
| ९.१ | | | **अनुदानः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सशर्त तर्फका कार्यक्रमको वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकावाट प्राप्त विवरण अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई रु. २,३१,१०,२३७।६० बाँकी रहेकोमा उक्त रकम फिर्ता गरेको देखिन्छ । | |

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **फिर्ता बाँकी रकम** |
|---|---|---|
| संघीय सरकार | शसर्त चालु | १२२२८०९५.८६ |
| | शसर्त पुँजिगत | ६८५६१४१.७४ |
| प्रदेश सरकार | समपूरक | ४०२६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **जम्मा** २३११०२३७.६० | |
| ९.२ | | | **अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले गत बिगत बर्ष देखि स्वास्थ्य, कृषि, पशु, शैक्षिक सेवा र अन्य संस्थालाई बीउपुँजी तथा बिभिन्न प्रकारका अनुदान दिने गरेकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्ने गरेको छैन । पालिकाले अनुदान प्रदान सम्वन्धी कानुन वनाई अनुगमनलाई प्रभावकारी वनाउनुका साथै संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ। | |
| १० | | | **आर्थिक सहायता तथा विवध खर्च** | |
| १०.१ | | | **खाना, खाजा तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष बिबिध खर्च रु. २० लाख ६५ हजार खर्च गरेकोमा सो मध्ये खाना खाजा खर्च मा रु. १४ लाख ३६ हजार खर्च भएको छ जुन आन्तरिक आयको शत प्रतिशत हो । पालिकाले यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १०.२ | | | **अनुत्पादक खर्च** – सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले बिभिन्न किसिमका अनुत्पादक प्रयोजनमा खर्च गर्ने गरेको देखियो । पालिकाले यस बर्ष फुटवल प्रतयोगित संचालनको लागि हिमाली युथ कल्वलाई रु. ३,७४,०००।- भुक्तानी गरेको छ । पालिकाले यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १०.३ | | | **औषधि उपचार खर्च :** पालिकाले यस बर्ष विपन्न व्यक्तिहरुलाई औषधि उपचार खर्च वापत रु. १०,१७,७९०/- रकम उपलव्ध गराएको छ । पालिकाले औषधि उपचार वापतको रकम भुक्तानी दिदा उक्त रकम प्राप्त गर्ने व्यक्तिको अभिलेख राखी बार्षिक रुपमा अद्यावधिक गरेको देखिएन । जसवाट आर्थिक सहायता रकम भुक्तानीमा दोहोरोपना हुन सक्ने हुँदा पालिकाले आर्थिक सहायता उपलव्ध गराएको प्रत्येक बर्षको अद्यावधिक अभिलेख राखी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ११ | | | **सार्वजनिक सम्पतिको संरक्षण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.१ | | | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ११.२ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण:** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेख देख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा निम्नानुसार देखिएको छ ।<br>• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ।<br>• पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयवाट एकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ । | |
| १२ | | | **उपभोक्ता समिति मार्फत कार्य** | |
| १२.१ | | | **उपभोक्ता समिति दर्ता:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन। पालिकाले यो वर्ष विभिन्न ९७ उपभोक्ता समितिसँग सम्झौता गरी रु. ९,३२,११,६३७÷ भुक्तानी गरी कार्य सम्पन्न गराएकोमा उल्लेखित समितिहरु ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न नै अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.२ | | | **जटिल संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले लघु जलविद्युत भवनको निर्माण जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ। | |
| १२.३ | | | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरिएको र ठेक्काद्वाराा गरिने निर्माण कार्य तथा मालसमान खरिदको लागत अनुमानमा समेत गुणस्तर परीक्षणको आईटम समावेश नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्य र खरिद भएको मालसमानको गुणस्तर परीक्षण हुने गरेको देखिएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य तथा खरिद भएका मालसमान गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्य र खरिद भएका मालसमानको गुणस्तर परीक्षण गरी निर्माण कार्य र खरिद भएको मालसमान गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ। | |
| १२.४ | | | **एजविल्ट नक्सा पेश नभएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन । ऐन नियममा भएको व्यवस्था बमोजिम निर्माण कार्यको एजविल्ट नक्सा पेश गर्नुपर्दछ । | |
| १२.५ | | | **मर्मत सम्भार कोषः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न आयोजना, कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौता बमोजिम ५ प्रतिशत मर्मत संभार कोषको रकम कट्टी गर्ने गरेको र यस बर्षको अन्तमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उक्त कोषमा रु. २०,९७,४०४।÷ मौज्दात रहेको देखिन्छ । पालिकाले मर्मत संचार कोषमा जम्मा भएको रकम कुनै योजना मर्मत संभार गर्नुपर्ने भएमा उक्त रकम खर्च गरी निर्माण भएका योजनाको मर्मत संभार कार्य प्रभाबकारी रुपमा गर्नुपर्दछ । | |
| १२.६ | | | **नापी किताबः** निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताबमा ठेक्का नम्बर, आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो विलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ। अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ विल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो। तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई नापी किताब नराखिँदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यवस्थापन गर्न सहज नहुने हुँदा अभिलेख राखिनु पर्दछ। | |
| १२.७ | | | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन। कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| १२.८ | | | **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य,हाल सम्म भएको कामको परिमाण, मुल्य,कार्य सम्पादन जमानत,पेश्की ग्यारेन्टीको अवस्था,काम सम्पन्न गर्नुपर्ने मिति,भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ। | |
| १२.९ | | | **डि.एल पि.अभिलेखः** सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ। त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचबुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन। अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>पेश्की बाँकी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने र सोही नियमावलीको नियम ५२ मा फस्यौंट हुन बाकी पेश्कीलाई लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नु पर्ने उल्लेख छ । पालिकाले यस बर्ष दिएको निम्न म्याद नाघेको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फस्यौंट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्यौंट हुनुपर्ने रु.<br><table><tr><th>सि नं</th><th>पेश्की लिनेको विवरण</th><th>पेश्की रकम</th></tr><tr><td>1</td><td>लुम्विनी ईन्जिनियरिङ प्रा.लि.</td><td>६०००००</td></tr></table></td><td>६००,०००</td></tr>
<tr><td>१४</td><td></td><td></td><td>धरौटी फिर्ताः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२)क मा विल विजकको भुक्तानीमा कट्टि गरिएको रिटेन्सन मनि वापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले धरौटी फिर्ता गर्दा आषिश कन्सट्रक्सन एण्ड अर्डर सप्लायर्स प्रा.लि. (६०२५०३६५१) मूल्य अभिबृद्धी कर समायोजन पत्र संलग्न नगरि धरौटी रकम रु. ६,२९,७११।- फिर्ता गरेको देखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>६२९,७११</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>पदाधिकारीको सुविधा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.१ | | | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाँपालिकाबाट यस बर्ष पदाधिकारीको सुबिधमा निम्नानुसारको रु. ६३,२३,६०५/- खर्च भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | यातायात खर्च | ११०००० | १०८००० | १६८००० | ० | ० | ३८६००० |
| २ | टेलिफोन,मोबाइल | ६६००० | ६०००० | २९०५०० | २१६००० | ५२६००० | ११५८५०० |
| ३ | पुस्तक,पत्रीका, ईन्टरनेट | ५५००० | ५४००० | ३३२००० | २१६००० | ५२६००० | ११८३००० |
| ४ | समन्वय तथा सहजीकरण | ९९००० | ८४००० | ४९८००० | ३६०००० | ७४०१०५ | १७८११०५ |
| ५ | अतिथि सत्कार | ११०००० | १०८००० | ५८१००० | ० | ० | ७९९००० |
| ६ | खानेपानी/बिजुली/ सरसफाई | ३८५०० | ३६००० | १६८००० | १४२००० | २६४००० | ६४८५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | चाडपर्व खर्च | २५००० | २२५०० | ११२००० | ५४००० | १५४००० | ३७६५०० |
| **जम्मा** | | **५३०५००** | **४७२५००** | **२१४९५००** | **९८८०००** | **२२१०१०५** | **६३२३६०५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.२ | | | **पोशाक खर्चः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ मा गाउसभाका सदस्यहरु पोषाक खर्च सुबिधा उपलव्ध गराउने व्यवस्था छैन । तर पालिकाले गाउ सभाका सदस्यको लागि १४ सेट पोषाक खरिद गरी रु. १,०४,३००।÷ खर्च लेखेको छ । यसरी ऐनमा नभएको सुबिधा उपलव्ध गरेको नियमसम्मत नदेखिएको रु. | १०४,३०० |
| १५.३ | | | **बैठक भत्ता :** सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ अनुसार तोकिए बमोजिम मासिक सुविधा र महिनामा बढीमा २ वटा बैठक भत्ता उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले निर्वाचित नयाँ पदाधिकारीलाई जेठ र असार महिनाको बढीमा ४ बैठकको बैठक भत्ता भुक्तानी गर्नु पर्नेमा जेठ, असार र गाउ सभाको समेत निम्नुसार बैठकको बैठक भत्ता भुक्तानी दिएको देखिन्छ । पालिकाले कार्यपालिका सदस्य १५ जनालाई २ महिनामा ४ पटकको बैठक भत्ता भुक्तानी दिनुपर्नेमा निम्नानुसार ७ पटकको बैठक भत्ता भुक्तानी दिएकोले पदाधिकारी सुविधा सम्बन्धी कानूनले तोके भन्दा ३ पटकको बैठक भत्ता बढी भुक्तानी गरेको रु. ४५,०००/- मा कर रकम घटाई रु. ३८,२५०/- सम्वन्धितवाट असूल गर्नुपर्ने रु. | ३८,२५० |

| गोश्वरा भौचर नं. र मिति | बैठकको विवरण | बैठक संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| ३०१-०७९।३।१५ | कार्यापालिका बैठक | ४ | ६०००० |
| ३०१-०७९।३।१५ | गाउसभा बैठक | २ | ३०००० |
| ३५०-०७९।३।२५ | कार्यापालिका बैठक | १ | १५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ७ १०५००० | |
| १६ | | | **प्रकोप व्यवस्थापन** | |
| १६.१ | | | **समिति गठन :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको विपद व्यवस्थापन समिति गठन गरेको भएतापनि बैठक बस्ने तथा अन्य कार्यहरु प्रभाबकारी रुपमा गरेको पाइएन । ऐनमा तोकिए बमोजिम गठन भएको समितिको निरन्तर बैठक बसी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ। | |
| १६.२ | | | **कार्य योजना :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका उल्लेखित कार्यहरु गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ। | |
| १६.३ | | | **वार्षिक प्रतिवेदन:** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षामा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गरी बार्षिक प्रतिवेदन तयार गरी सम्वन्धित निकायमा पेश गर्नुपर्दछ । | |
| १७ | | | **कर दस्तुर एवं आन्तरिक आय** | |
| १७.१ | | | **कर अनुमान र संकलन:** स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ५५, ५७, ५८ र ५९ मा एकिकृत सम्पति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । आय शीर्षकमा यस वर्ष प्रक्षेपण गर्दा शीर्षकगत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरी एकमुष्ट आय रु. ५३,५०,०००।- प्रक्षेपण गरेकोमा कार्यालयबाट प्राप्त विवरण अनुसार रु. १३,०७,९००।- (२४.४५ प्रतिशत) मात्र संकलन भएको देखिन्छ । वास्तविक आय संकलन घटी देखिएबाट आयको अनुमान यथार्थपरक देखिएन । आय अनुमानलाई वैज्ञानिक बनाई प्रक्षेपित आय संकलन गर्नमा पालिकाको ध्यान जानुपर्दछ । | |
| १७.२ | | | **रसिद नियन्त्रण खाताः** यस पालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि तोकिएको ढाँचामा नगदि रसिद नियन्त्रण खाता म.ले.प.फा.नं. ९०४ साविक १०८ तयार नगरेकोले सो खाताले गत वर्षको नगदि रसिदको ठेली, यस बर्षको खरिद गरेको ठेलीको आम्दानी खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन। पालिकाले रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट गरी रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ । | |
| १८ | | | **राजस्व अभिलेख**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्व अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ । जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने समेत उल्लेख छ । पालिकाले राजस्व आम्दानीको असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता नराखेको र बैङ्क मार्फत राजस्व कारोवार गर्नुपर्नेमा गरेको छैन ।कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो । पालिकाको निम्नानुसारको वडाले तपसिल बमोजिम ६ ठेली रसिद बुझि लिएकोमा उक्त ६ ठेली लेखापरीक्षणको क्रममा माग गर्दा प्राप्त भएन । अत प्रयोग भएको नगदी रसिद वाट असुल भएको राजस्व एकिन गरी संचितकोष दाखिला गर्नुपर्दछ ।<br><br>**वडा नं.** / **ठेली विवरण** / **कैफियत**<br>१ / नगदि रसिद ६०० देखि ७०० र १९०० देखि २००० सम्म / | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>२</td><td>नगदी रसिद ५०० देखि ६०० सम्म</td><td rowspan="2">लेखापरीक्षण अवधी २०७९।५।२१ सम्म पनि पेश नभएको</td></tr><tr><td>५</td><td>नगदि रसिद ३०० देखि ४००, ९०० देखि १००० र १२०० देखि १३०० सम्म</td></tr></table></td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>अभिलेख<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ। आर्थिक वर्ष २०७८/७९ मा पालिकाले कुनै पनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरि असुल गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>दहत्तर बहत्तर शुल्क<br><br>सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक ऐन, २०७८ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ६ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । यस पालिकाले यस वर्ष कुनै पनि दहत्तर बहत्तर शुल्क असुल भएको देखिएन ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>जडिबुटी निकासी कर<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ)(४) मा जडिबुटी, कवाडी र जीवजन्तु कर निर्धारण र संकलन सम्बन्धी व्यवस्था रहेकोमा यस पालिका अन्तर्गतको वडा नं. १, २ र ३ नम्बर वडामा जडिबुटी प्रचुर मात्रामा पाउने भएकोले जडिबुटी निकासीमा कर निर्धारणतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>र्‍याफटिङ्ग सेवा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ)(३) मा स्थानीय तहले ट्रैकिङ्ग, हाईकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, र्‍याफटिङ्ग, मोटरबोट, केबलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा संचालन हुने नविन पर्यटकिय सेवा तथा साहसिक खेलको शुल्क लिन पाउने व्यवस्था छ। सार्वजनिक निजी साझेदारी नीति अनुसार यस पालिकामा पर्यटन प्रवर्द्धन गर्नका लागि रारा कैलाश टुर्स एण्ड कर्णाली ट्रेल प्रा.लि. र हिमाली गाँउपालिकाको साझेदारीमा जलयात्रा (र्‍याफटिङ्ग) संचालन गर्न २०७६।९।२० मा सम्झौता भएको थियो। सम्झौतामा प्रा.लि.को तर्फबाट वार्षिक प्रतिवेदन गाउँपालिकामा बुझाउने तथा साझा जिम्मेवारीको बुदा नं. ५ मा लाभांश वितरणमा गाउँपालिकाले ५१ प्रतिशत र प्रा.लि ले ४९ प्रतिशत प्राप्त गर्ने उल्लेख छ। तर प्रा.लि ले हालसम्म पनि वार्षिक प्रतिवेदन गाउँपालिकामा बुझाएको छैन तथा लाभांश वितरण समेत नभएकोले गाउँपालिकाले के कति लाभांश प्राप्त गर्नुपर्ने हो एकिन गर्न सकिएन। र्‍याफटिङ्गको प्रचुर संभावना बोकेको यस क्षेत्रको पूर्ण पूर्वाधार तथा व्यवस्थापन मार्फत धेरै पर्यटक आकर्षक गर्ने तर्फ ध्यान दिनुपर्दछ र आय व्यय एकिन गरी लाभांश वितरण गर्नुपर्दछ। | |
| २३ | | | **सामाजिक सुरक्षा एवं संरक्षणतर्फ** | |
| २३.१ | | | **एम.आई.एस.प्रणालीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउदाँ र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक त्रैमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन । केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ। | |
| २३.२ | | | **लाभग्राहीको विवरण प्रविष्टि गर्नेः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिहहेका लाभग्राहीले चालु वर्षमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नारिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वाहेकका नवीकरणको लागि लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेकोमा वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणाली (MIS) मा प्रविष्टि गरी नवीकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरी निजले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ। यस पालिकाले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लाभग्राहीको नविकरणको लागि निवेदन वेगर एकमुष्ठ विगतको संख्या बराबर नै नविकरण गरेको छ। यसबाट बसाई सराई गरी गएका, मृत्यु भएकाहरुको लगत कट्टा नगरेकोले उल्लेखित कानुनको पालना भएको छैन। तसर्थ, वढि निकासा भए/नभएको यकिन हुन सकेन । | |
| २४ | | | **पारदर्शिता र जवाफदेहिता**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुप र्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । | |
| २५ | | | **सार्वजनिक सुनुवाई**<br><br>स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासो तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। साथै पालिकाले सार्वजनिक सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ। | |
| २६ | | | **अनुगमन**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मूल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **भत्ता वितरण**<br><br>यस सम्बन्धी देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।<br><br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नम्बर २२ मा बैङ्कको छनौट गरी सम्झौता गर्दा सम्झौताको शर्तमा बैङ्कले निष्कृय (Dormant) खाताको विवरण प्रत्येक साउन र माघ महिना भित्र पालिकालाई दिनुपर्ने, पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैङ्कले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैङ्कले लाभग्राहीको खातामा रकम जम्मा गरी सकेपछि भत्ता वितरणको विवरण अनुसूची ८ अनुसार बैङ्कबाट प्राप्त गर्नुपर्ने जस्ता व्यहोरा उल्लेख छ। तर, बैङ्कले उल्लेखित निष्कृय खाता, Reverse Feed र भत्ता वितरणको विवरण पालिकालाई उपलब्ध गराएको छैन। तसर्थः सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिलाई तोकिएको दरले वितरण भए/नभएको यकिन गर्न सकिएन। कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बैङ्क खातामा भुक्तानी निकासा पश्चात मृत्यु भएका लाभग्राहीहरुको बाँचेको अवधिको रकम भुक्तानी गरी रोक्का रहेको रकम यकिन गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने देखिन्छ।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा (३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस बारे पालिकाले कुनै कारवाही गरेको देखिएन। | • |
| २८ | | | **सामाजिक सुरक्षातर्फ बढी निकासा**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरेको र मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेको छन । पालिकाले लाभग्राही लगत अद्यावधिक नगरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु. | १६४,६८८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>लाभग्राहीको नाम</th><th>समूह</th><th>विवरण</th><th>त्रैमासिक</th><th>भुक्तानी रकम</th></tr>
<tr><td colspan="5">वडा नं. ७</td></tr>
<tr><td>हरिलाल उपाध्याय (१९९२१२३०५७२६४)</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृत्यू मिति २०७८।१२।२५</td><td>तेस्रो र चौथो</td><td>२४०००</td></tr>
<tr><td>भक्तअधिकारी (२००१११०३००६०१)</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृत्यू मिति २०७८।३।२५</td><td>चौथो</td><td>१२०००</td></tr>
<tr><td>रिउले ढोली (२०००१२३१६८१४६)</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृयू मिति २०७९।३।१६</td><td>चौथो</td><td>१२०००</td></tr>
<tr><td>देवीलाल उपाध्याय (२००४०३०६००८४५)</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृत्यू मिति २०७८।४।३०</td><td>पहिलो र दोस्रो</td><td>२४०००</td></tr>
<tr><td colspan="5">वडा नं ६</td></tr>
<tr><td>श्रीभक्त पाण्डे (१९९९१२३१३४६७६)</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृयू मिति २०७९।१।२२</td><td>चौथो</td><td>१२०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>लालभक्त दमाई (२०१२०३१४००१५५)</td><td>ज्येष्ठ नागरिक (दलित)</td><td>मृत्यू मिति २०७८।१२।३०</td><td>चौथो</td><td>७९८०</td></tr>
<tr><td>नानी सार्की (२०१५१००२०१२८२)</td><td>ज्येष्ठ नागरिक (दलित)</td><td>मृत्यू मिति २०७८।११।२१</td><td>तेस्रो र चौथो</td><td>१५९६०</td></tr>
<tr><td>बाँका सार्की (१९९५१२३११३३५९)</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृत्यू मिति २०७९।१।१०</td><td>चौथो</td><td>१२०००</td></tr>
<tr><td>शेर बहादुर शाही (२०१९१२३०३१६४१)</td><td>ख वर्गको अशक्त</td><td>मृत्यू मिति २०७८।११।१९</td><td>तेस्रो र चौथो</td><td>१२७६८</td></tr>
<tr><td>दलविर दमाई (२०१०१२३०७२)</td><td>ज्येष्ठ नागरिक (दलित)</td><td>मृत्यू मिति २०७८।९।२</td><td>तेस्रो</td><td>७९८०</td></tr>
<tr><td colspan="5">वडा नं. ५</td></tr>
<tr><td>विउरा बुढाथापा (१९९२०९२०००१४७)</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृत्यू मिति २०७८।१२।१</td><td>तेस्रो र चौथो भुक्तानी</td><td>२४०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१६४६८८</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **शिक्षक दरबन्दी एवं पदपुर्ति**<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २३ सामुदायीक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| 1 | बडिमालिका मा.वि. धिम | ११ | ११ | २ | ५३१ |
| 2 | शैलेश्वरी मा.वि. फैती | ९ | ९ | ३ | २२७ |
| 3 | जनता मा.वि. बाँधु | ४ | ४ | ३ | २०८ |
| 4 | भवानी मा.वि. धुलाचौर | ३ | ३ | ० | २९४ |
| 5 | बागेश्वरी मा.वि. रुगिन | ४ | ४ | २ | ३५१ |
| 6 | बिच्छ्याँ मा.वि. बिच्छ्याँ | ७ | ७ | ४ | ३१६ |
| 7 | खोलीडाँडा आ.वि. पाँडी | ५ | ५ | १ | २५७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 8 | जनज्योती आ.वि. धिम | ० | ० | ० | ११८ |
| 9 | चण्डिका आ.वि. बोल्धिक | ३ | ३ | ३ | ७४ |
| 10 | नेपाल राष्ट्रिय आ.वि. बोर्ता | ३ | ३ | १ | १२८ |
| 11 | मंगलमय आ.वि. नदापाटा | ३ | ३ | २ | ८४ |
| 12 | सरस्वती आ.वि. बक्षाँ | ३ | ३ | १ | ६२ |
| 13 | कुलमष्टाजन आ.वि. क्यूडी | २ | २ | ० | १६० |
| 14 | रुम्दी आ.वि. रुम्दी | २ | २ | ० | ९० |
| 15 | ठुलाकोट आ.वि. कोट | ४ | ४ | ४ | २२० |
| 16 | लवासुर आ.वि. कोटीगाउँ | ० | ० | ० | ३७ |
| 17 | बुढीनन्दा आ.वि. नातीखोला | २ | २ | २ | ४४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>18</td><td>गोश्वारा आ.वि. टिन</td><td>२</td><td>२</td><td>१</td><td>४५</td></tr>
<tr><td>19</td><td>सुनन्दा आ.वि. बाँम</td><td>३</td><td>३</td><td>२</td><td>९१</td></tr>
<tr><td>20</td><td>यूना आ.वि. यूना</td><td>३</td><td>३</td><td>१</td><td>११४</td></tr>
<tr><td>21</td><td>गंगा आ.वि. बौडी</td><td>३</td><td>३</td><td>२</td><td>११२</td></tr>
<tr><td>22</td><td>हिमालभक्ति आ.वि. गुम्बा</td><td>२</td><td>१</td><td>०</td><td>२०</td></tr>
</table>
पालिकाले दरवन्दी बमोजमको पदपुर्ती गरी पठनपाठन कार्यलाई गुणस्तरीय र प्रभावकारी वनाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>शिक्षातर्फ</td><td></td></tr>
<tr><td>३०.१</td><td></td><td></td><td>शिक्षक अभिलेखः गाउँपालिकाले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत र करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन । कार्यालयले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिइ तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा भए/नभएको भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.२</td><td></td><td></td><td>विद्यालयगत निकासा रजिष्ट्रर: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र निकासा दिएको रकम एकिन नहुने हुदा विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०.३</td><td></td><td></td><td>भुक्तानीमा कर : आयकर ऐन, २०५८ को दफा ८८ मा भुक्तानीमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निशुल्क पाठ्यपुस्तक खरिद र वितरण गरेको विलको आधारमा एल.वी. सप्लायर्स हुम्लालाइ रु. १८,५५,४६८।-भुक्तानी गरेकोमा १.५ प्रतिशतले हुने रु. २७,८३२।- अग्रिम कर कट्टा नगरेकोले उक्त कर असूल गर्नुपर्ने रु.</td><td>२७,८३२</td></tr>
<tr><td>३०.४</td><td></td><td></td><td>शिक्षक वढि ग्रेड भुक्तानी : स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइ मार्फत राष्ट्रिय शिक्षक किताव खानावाट पारीत गराइ प्राप्त तलवि प्रतिवेदनको आधारमा अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । पालिकाले देहायका विद्यालयका शिक्षकहरुलाइ मिति २०७८।११।९ को राष्ट्रिय शिक्षक कितावखानावाट पारीत तलवि प्रतिवेदन भन्दा वढि दरले भुक्तानी दिएको रु. ९८,६९८।- असूल गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>किताव खानावाट पारीत ग्रेड संख्या</th><th>ग्रेड दर</th><th>भुक्तानी भएको ग्रेड</th><th>कं. स.कोष समेत वढि भुक्तानी</th></tr>
<tr><td>शैलेश्वरी प्रा वि फैति</td><td>विष्णु भक्त पाण्डे</td><td>७</td><td>१००७</td><td>८</td><td>१०९७६</td></tr>
<tr><td>जनता आधारभूत विद्यालय</td><td>जय लक्ष्मी शाही</td><td>८</td><td>१००७</td><td>१०</td><td>२०९४५</td></tr>
<tr><td>गंगा आधारभूत विद्यालय</td><td>रामशरण यादव</td><td>०</td><td>९५४</td><td>१</td><td>१३५४६</td></tr>
<tr><td rowspan="2">कुल मष्टाजन आधारभूत विद्यालय</td><td>महाविर चौधरी</td><td>०</td><td>९५४</td><td>१</td><td>१३५४६</td></tr>
<tr><td>राजकुमार चौधरी</td><td>०</td><td>९५४</td><td>१</td><td>१३५४६</td></tr>
</table></td><td>९८,६९८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>गोश्वारा आधारभूत विद्यालय</td><td>विक्रम वहादुर वोहर</td><td>०</td><td>९५४</td><td>२</td><td>२६१३९</td></tr><tr><td colspan="5">**जम्मा**</td><td>**९८६९८**</td></tr></table> | |
| ३०.५ | | | **संघीय अनुदानवाट प्रोत्साहन भत्ता :** संघिय शसर्त अनुदानको वजेट तेकिएको कार्यक्रममा मात्र खर्च लेख्नु पर्दछ । पालिकाले प्रारम्भिक वालविकास केन्दका १६ शिक्षकहरुलाइ कार्तिक देखि पौषसम्म मासिक रु. ३,०००।- का दरले रु. १,४४,०००।- प्रोत्साहन भत्ता शसर्त चालुबाट अनुदानवाट खर्च लेखेको छ । पालिका चालुवाट लेख्नु पर्ने उक्त खर्च रकम संघिय शसर्त वजेटवाट लेखेकोले संघीय संचितकोष दाखिला गर्नुपर्ने रु. | १४४,००० |
| ३०.६ | | | **सामुदायिक सिकाइ केन्द्र संचालन अनुदान :** कार्यक्रम कार्यान्वय पुस्तिका २०७८।७९ मा स्थानिय तहले नियमित रुपमा चलेका सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायिक परिचालकका लागि रकम उपलब्ध गराउने व्यवस्था भएकोमा पालिकाले निम्न सिकाई केन्द्रलाई रकम निकासा गरेकोमा शिक्षक नियुक्ती र हाजिरी प्रमाणित भएको प्रमाण पेश नभएको रु.<br><table><tr><td>सि.नं.</td><td>सिकाइ केन्द्रको नाम</td><td>भुक्तानी रकम</td></tr><tr><td>१</td><td>चण्डिका सामुदायिक सिकाइ केन्द्र</td><td>८०६००</td></tr><tr><td>२</td><td>हिमचुली सामुदायिक सिकाइ केन्द्र</td><td>८०६००</td></tr></table> | १६१,२०० |
| ३०.७ | | | **बाल विकास सहजकर्ता निकासा :** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानो ठिमी भक्तपुरको आर्थिक वर्ष २०७८।७९ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको पेज नं. १२ को १.१ मा प्रारम्भिक वालविकास केन्द्रका सहजकर्ताको पारीश्रमिक प्रति महिना रु. ८०००।- का दरले चाडपर्व खर्च सहित १३ महिनाको हुन आउने रकम विद्यालयको खातामा अनुदान दिने र वजेट वक्तव्यमा उल्लेख भए वमोजिम नेपाल सरकारले निर्धारण गरे वमोजिमको न्यूनतम पारीश्रमिक रु. १५ हजार पुर्याउदा थप गर्नुपर्ने रकम सम्वन्धित स्थानिय तहले व्यहोर्ने उल्लेख भएकोमा पालिकाले २०७९ वैशाख देखि अषाढको पारीश्रमिक स्थानिय तहले व्यहोर्ने रकम समेत समावेश गरी शसर्त अनुदान | १९२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | चालुबाट खर्च लेखेको छ । संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने रकम सहजकर्ताको पारीश्रमिकमा खर्च लेखेको देखिएकोले उक्त रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | |

| विद्यालयको नाम | निकासा दिनु पर्ने रकम | निकासा दिएको रकम | शसर्त वढि निकासा रकम |
| --- | --- | --- | --- |
| युना आधारभूत विद्यालय | २४००० | ३६००० | १२००० |
| विच्छया मा वि विच्छया | ४८००० | ७२००० | २४००० |
| गोश्वारा आधारभूत विद्यालय | २४००० | ३६००० | १२००० |
| ठुलाकोट माध्यामिक विद्यालय | २४००० | ३६००० | १२००० |
| गंगा आधारभूत विद्यालय | २४००० | ३६००० | १२००० |
| शैलेश्वरी माध्यामिक विद्यालय | ७२००० | १०८००० | ३६००० |
| वागेश्वरी माध्यामिक विद्यालय | २४००० | ३६००० | १२००० |
| मगलमय आधारभूत विद्यालय | २४००० | ३६००० | १२००० |
| खोलिडाडा आधारभूत विद्यालय | २४००० | ३६००० | १२००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>वडिमालिका माध्यामिक विद्यालय</td><td>२४०००</td><td>३६०००</td><td>१२०००</td></tr>
<tr><td>चण्डिका आधारभूत विद्यालय</td><td>२४०००</td><td>३६०००</td><td>१२०००</td></tr>
<tr><td>जनता माध्यामिक विद्यालय</td><td>२४०००</td><td>३६०००</td><td>१२०००</td></tr>
<tr><td>भवानी माध्यामिक विद्यालय</td><td>२४०००</td><td>३६०००</td><td>१२०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९२०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>ढुवानी कर<br><br>नेपाल सरकार अर्थ मन्त्रालयले २०७५।१।१० मा नेपाल राजपत्रमा प्रकाशन गरेको सूचना अनुसार आ आफ्नो क्षेत्राधिकार भित्रका प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने घर बहाल कर स्थानीय तहले संकलन गर्ने व्यवस्था छ । सो बाहेक अन्य ढुवानी भाडा भुक्तानीमा कटाएको कर रकम संघीय संञ्चित कोषमा दाखिला गर्नुपर्नेमा ढुवानीमा कट्टी गरेको कर रु. ८०,२२१।- पालिकाको स्थानीय संचितकोष मा नै राखेको देखिएकोले उक्त कर संघिय संचितकोष दाखिला गर्नुपर्ने रु.</td><td>८०,२२१</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>स्वास्थ्यतर्फ</td><td></td></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>तलवी प्रतिवेदनः निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले स्वास्थ्य तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी वर्षभरी तलव खर्च लेखेको छ । पालिकाले तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्त भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२.२</td><td>३६</td><td>२०७८-९-५</td><td>बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। पालिकाले सर्जिकल सामाग्री खरिदवापतको संलग्न विल रु. ४,६८,९८२।- र युनाइटेड सर्जिकल नेपालगंजले</td><td>१९,९९४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भुक्तानी माग गरेको विल समेत रु. ४,६८,९८२।- भएको अवस्थामा रु. ४,८८,९७६।- भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु. १९,९९४।- असूल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>३२.३</td><td></td><td></td><td>औषधि खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर पालिकाले उक्त प्रक्रियावेगर औषधि र औषधिजन्य मालसामान सोझै खरिद गरेको छ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन्।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>खरिद विवरण</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>२१८-२०७९/३/२५</td><td>विभिन्न किसिमक औषधि खरिद</td><td>देउराली ड्रग्स वाके</td><td>२३१९३०३</td></tr>
<tr><td>५-२०७८/९/५</td><td>औषधि खरिद</td><td>युनाईटेड ड्रग्स</td><td>१३६६५९४</td></tr>
<tr><td>३६-२०७८/९/२५</td><td>सर्जिकल सामाग्री खरिद</td><td>युनाइटेड सर्जिकल्स वाके</td><td>४६८९८२</td></tr>
<tr><td>११४-२०७८/१२/२९</td><td>स्यानिटरी प्याड खरिद</td><td>लोमस सर्जिकल हाउस वाके</td><td>८९९९९५</td></tr>
<tr><td>११८-२०७८/१२/३०</td><td>माक्स ठूलो सानो</td><td>प्रसान्त जनरल सप्लायर्स भक्तपुर</td><td>९०७२९९</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७-<br>२०७९/३/२४</td><td>आधारभूत तथा आकस्मिक औषधि खरिद</td><td>घोडाघोडी सर्जिकल एण्ड अर्डर सप्लायर्स वाके</td><td>४०५९९४</td></tr>
<tr><td>२००-<br>२०७९/३/२३</td><td>स्वास्थ्य शाखाका लागि विभिन्न सामाग्रि खरिद</td><td>जगन्नाथ छापाखाना पिलिचौर वाजुरा</td><td>८९१४५७</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७२५९६२४</td></tr>
</table>
यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छनः
<ul>
<li>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्र पत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।</li>
<li>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।</li>
<li>आपूर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</li>
<li>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।</li>
<li>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।</li>
</ul>
तसर्थ, औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **कृषि तथा पशु** | |
| ३३.१ | | | **अग्रिम कर कट्टि नगरेको** : माथि उल्लेखित उक्त कार्यक्रममा संस्थाले प्रशिक्षकहरुलाई रु. ३,५२,८००।- भत्ता खर्च लेखेकोमा आयकर ऐन, २०५८ को दफा ८९ वमोजिम १५ प्रतिशतका दरले रु. ५२,९२०।- कर कट्टि गर्नु पर्नेमा १ प्रतिशत मात्र कर कट्टी गरेकोले नपुग कर रु. ४९,३९२।- असूल गर्नुपर्ने रु. | ४९,३९२ |
| ३३.२ | | | **बाखा भेडा पकेट कार्यक्रम :** हिमाली वाखापालन कृषक समूहले २० वोका रु. ४,००,०००।- मा उच्च हिमाली भेडा पालन कृषक समूहले ४० थुमा रु, १०,००,०००।- मा र देवीधुरा महिला कृषि सहकारी संस्थाले २५ वाखा रु. ५,४५,०००।- मा खरीद गरी समूह सदस्यहरुलाइ वितरण गरेका छन् तर खरिद भएका पशु उन्नत जातको हुनुपर्ने, अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराई वीमा गर्नुपर्ने र ट्यागिङ गरी पारदर्शी तवरवाट अभिलेख राख्नुपर्नेमा सो भए गरेको देखिएन । तसर्थ तोकिए बमोजिम पशुहरुको स्वास्थ्य परीक्षण, वीमा तथा ट्यागिङ्ग समेत गरी कार्यक्रम संचालन गर्न पालिकाले ध्यान पुऱ्याउनु पर्दछ । | |
| ३३.३ | | | **गैर सरकारी संस्थावाट कार्यक्रम सञ्चालन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धि तालिम र अभिमुखिकरण जस्ता कार्य गैर सरकारी संस्थावाट गराउदा छिटो छरीतो मितव्ययी र प्रभावकारी हुने भएमा सार्वजनिक निकायले तोकिए वमोजिमको प्रक्रिया पुरा गरेर त्यस्तो कार्य गराउन सक्ने व्यवस्था छ । पालिकामा उद्यम सहजकर्ताको दरवन्दी समेत भएको अवस्थामा उक्त कार्यक्रम पालिकावाट गर्दा नै वढि मितव्ययी हुनेमा उद्यम सम्वन्धी सिलाइ कटाइ, फर्निचर, कुखुरा पालन कार्यक्रम र प्रविधि हस्तान्तरण अन्तर्गतका सिलाइ मेशिन, नेप स्प्रे लगायतका सामाग्री खरिद गरि गराइ एप्पल टेक्निकल इन्स्टीच्यूट प्रा.ली. सुर्खेतलाइ रु. २२,५१,११६।- भुक्तानी दिएको छ । पालिकाले गैरसरकारी संस्थावाट मितव्ययी र प्रभाबकारी हुने कार्यमात्र सम्पन्न गराउनुपर्दछ । | |
| ३३.४ | | | **राहत वितरण** : कोभिड प्रभावित ३३७ जनालाई १० हजारका दरले राहत वितरण गर्न रु. ३३ लाख ७० हजार निकासा भएकोमा पुरै रकम खर्च भएको छ तर निर्देशिकामा एकाघर परीवारका कुनै सदस्यले सरकारी निजी वा अन्य कुनै संघ संस्था वा वैदेशिक रोजगारमा स्थायी अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आय आर्जन गरीरहेका, परीवारको कुनै सदस्यले नेपाल सरकारवाट उपलव्ध हुने अन्य सामाजिक सुरक्षा वापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थावाट निवृत्तीभरण वा विदेशी सरकारवाट पेन्सन सुविधा प्राप्त गरीरहेका, संचित आय वा पैत्रिक सम्पत्तीवाट तत्कालको आवश्यकता पूरा गर्न सक्ने अवस्था रहेका र प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार प्रदेश सरकार वा स्थानिय तहको कार्यक्रम वमोजिम यस प्रयोजनको लागी एक पटक राहतको रुपमा नगद प्राप्त गरेको परीवार राहत प्राप्त गर्न अयोग्य हुने भनि उल्लेख भएकोमा सिफारीस र निर्णयमा माथि उल्लेखित कुराहरुको पूर्ण पालना भएको पाइएन । तसर्थ निर्देशिकामा उल्लेखित शर्तहरुको पूर्ण पालना गरी सिफारीस र निर्णय हुनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३.५</td><td></td><td></td><td>अनुदान रकम : ५० प्रतिशत अनुदानमा बाँदर धपाउने यन्त्र २० गोटा खरिद र वितरण गरि रु. ५०,०००।- खर्च गरेकोमा कृषकवाट लिएको रु. २५,०००।- दाखिला नभएकोले उक्त रकम लेखापरीक्षणको क्रममा स्थानिय संचित कोष दाखिला भएको छ । उक्त रकम संघिय संचित कोष दाखिला गर्नुपर्ने रु.</td><td>२५,०००</td></tr>
<tr><td>३३.६</td><td></td><td></td><td>प्रशिक्षक भत्ता : सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि तथा निर्देशिका, २०७५ को परिच्छेद नं ७.१.१५ सि.नं.४ ले सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार र कार्य सञ्चालन सम्बन्धी खर्चको मापदण्डमा पालिकास्तरमा कक्षा सञ्चालन वापत रु. ७०० र कार्यपत्र वापत रु. ८०० तोकेको छ जसअनुसार सम्बन्धीत कार्यालयले सञ्चालन गरेको तालीममा सोही कार्यालयको कर्मचारीले कक्षा लिए वापतको पारीश्रमीक नपाउने तर कार्यपत्रको रकम मात्र पाउने व्यवस्था गरेकोमा निम्नानुसारको तालिममा पालिकाकै कर्मचारीलाई कक्षा लिएको रकम समेत भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>कार्यक्रम</th><th>प्रशिक्षक</th><th>कक्षा सख्या</th><th>कार्यपत्र वापत दिनु पर्ने</th><th>कक्षा र कार्यपत्र वापत दिएको</th><th>कक्षा वापतको बढी भुक्तानी</th></tr>
<tr><td rowspan="2">२५/०७८/८/2८</td><td rowspan="2">प्रारम्भिक वालविकास कार्यक्रम</td><td>पराम पाण्डे</td><td>४</td><td>८००</td><td>१७६०</td><td>३२६४</td></tr>
<tr><td>विष्णुलाल पाण्डे</td><td>४</td><td>८००</td><td>१७६०</td><td>३२६४</td></tr>
</table></td><td>२४,५४८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१९३/०७९/३/२३</td><td>पोषण संवेदनशिल कार्यक्रम अन्तर्गत वास कर्नर तथा हजार्ड तालिम र घरायसी स्तरमा सुरक्षित खानेपानी</td><td>विमला कुमारी पाण्डे<br>भावना रोकाय</td><td>८<br>८</td><td>८००<br>८००</td><td>२०००<br>२०००</td><td>८१६०<br>८१६०</td></tr>
<tr><td>२४२/७९९/२/२७</td><td>उद्यम विकास कार्यक्रम</td><td>कमला वुढा</td><td>५</td><td>८००</td><td>१२००</td><td>१७००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२४५४८</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३.७</td><td></td><td></td><td>दिन नमिल्ने ढुवानी : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । उन्नत जातको वोका वितरण कार्यक्रम र ऊन मिसन कार्यक्रम अन्तर्गत हिमाली वाख्रापालन कृषक समूहलाइ रु. ४,००,०००।- र उच्च हिमाली भेडा कृषक समूहलाइ रु. १०,००,०००।- समेत रु. १४,००,०००।- वोका र भेडा खरिद र वितरण गरेको आधारमा समितीहरुलाइ रकम भुक्तानी भइसके पश्चात पुन सोहि समितीहरुले खरिद र वितरण गरेका भेडा वाख्राको ढुवानी देखाइ न्यू सेती कर्णाली ढुवानी सेवाको विल रु. २,३०,०००।- संलग्न गरि पशु शाखा प्रमुख गौरी पाण्डेलाइ सोधभर्ना दिएको उक्त रकम असूल गर्नुपर्ने रु.</td><td>२३०,०००</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td></td></tr>
<tr><td>३४.१</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम : स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाले आफ्नो क्षेत्र भित्रका वडाहरुमा वाटो निर्माण तथा सडक मर्मत घेरावार लगायतका ३१</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष ५२३ जनालाई ४५ देखि १०० दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्याला बापत रु. २,९७,९०,०००।- खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>३४.२</td><td></td><td></td><td>रोजगारदाता पारिश्रमिक : कवाडि वोर्ता देखि फैतिसम्मको विद्युत पोल विस्तार कार्यक्रमको रकम श्रमिकको खातामा जम्मा नगरी रोजगार संयोजक विर्खराज पाण्डेलाइ रु. १९,४२,४७९।- खर्च लेखेकोमा पुरै रकम श्रमिकको वैंक खातामा दाखिला नभई रु. ९,७१,०९१।- रोजगार संयोजकको संग वाँकि रहेकोमा लेखापरीक्षण अवधि २०७९।५।२१ मा मात्र सम्वन्धित श्रमिकको खातामा जम्मा भएको छ। श्रमिक खातामा दाखिला गर्नुपर्ने रकम कर्मचारी खातामा खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>गाउँपालिका चालुतर्फ</td><td></td></tr>
<tr><td>३५.१</td><td></td><td></td><td>ढुवानी कर: आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम कट्टी गरेको ढुवानी करको रकम संघीइ संचित कोषमा दाखिला गर्नुपर्दछ । पालिकाले ढुवानी भाडामा कट्टी गरेको निम्नानुसार कर संघीय संचित कोष दाखिला नगरी स्थानीय संचितकोषमा दाखिला गरेको देखिन्यो। पालिकाले ऐनमा भएको व्यवस्था अनुसार कट्टी गरेको ढुवानी कर संघीय संचितको दाखिला गर्नुपर्ने रु.<br><table><tr><th>गोश्वरा भौचर नं. र मिति</th><th>कट्टी भएको कर रकम</th></tr><tr><td>१६०-०७८।१०।१६</td><td>३००००</td></tr><tr><td>१६४-०७८।१०।१७</td><td>३००००</td></tr><tr><td>जम्मा</td><td>६००००</td></tr></table></td><td>६०,०००</td></tr>
<tr><td>३५.२</td><td></td><td></td><td>खर्च शिर्षक : महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयवाट जारी एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र व्याख्या, २०७४ को खण्ड ३ मा खर्चका संकेत तथा बर्गिकरण र व्याख्यामा कुन कुन शिर्षकमा के के खर्च समावेश हुन्छन भनेर स्पष्ट बर्गिकरण र व्याख्या गरीएको छ । त्यस्तै आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२) मा रकम स्वीकृत वजेट भित्र र सम्वन्धित शिर्षकमा पर्दछ र खर्च गर्न वाँकी छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने</td><td>३,०५६,६२०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार खर्च सम्वन्धित शिर्षकवाट नलेखी फरक शिर्षकवाट खर्च लेखेको देखिएकोले नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>गो.भौ. नं. र मिति</th><th>खर्चको विवरण</th><th>खर्च लेख्नुपर्ने शिर्षक</th><th>खर्च लेखेको शिर्षक</th><th>खर्च रकम</th></tr>
<tr><td>२९६-०७९।३।१४</td><td>करार कर्मचारीको तलव</td><td>करार कर्मचारीको पारीश्रमिक</td><td>स्वास्थ्य कर्मचारी पारिश्रमिक</td><td>६४१६६०</td></tr>
<tr><td>२९७-०७९।३।१४</td><td>करार कर्मचारिको तलव</td><td>करार कर्मचारीको पारीश्रमिक</td><td>स्वास्थ्य र स्थायी कर्मचारीको पारिश्रमिक</td><td>३२९८६०</td></tr>
<tr><td>३३४-०७९।३।२३</td><td>स्वयं शिक्षकको तलव</td><td>स्वयं शिक्षकको पारीश्रमिक</td><td>पदाधिकारी पारिश्रमिक</td><td>१७४९९००</td></tr>
<tr><td>३३४-०७९।३।२३</td><td>सुचना प्रकासन</td><td>पत्र पत्रिका छपाई</td><td>कार्यालय संचालन</td><td>३३५२००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३०५६६२०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>मूल्य अभिबृद्धि करमा दर्ता नभएको संग कारोवार<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले वीस हजार रुपैया भन्दा बढी रकमको खरिद गर्दा आन्तरिक राजस्व कार्यालयवाट मुल्य अभिबद्धी दर्ता प्रमाणपत्र प्राप्त फर्म संग मात्र खरिद गर्नुपर्ने उल्लेख छ । पालिका मुल्य अभिबृद्धी</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कर लाग्ने बिभिन्न मालसामान खरिद गर्दा एकै दिन वा २/३ दिन भित्र बीस हजार भन्दा कमको विल वनाई मुल्य अभिबृद्धी करमा दर्ता नभएका संग खरिद गरेको देखियो । पालिकाले नियममा भएको व्यवस्था विपरीत मुल्य अभिबृद्धी कर दर्ता नभएका संग खरिद गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ
<table>
<tr><th>गो.भौ. नं. र मिति</th><th>फर्मको नाम</th><th>खरिदको विवरण</th><th>कैफियत</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४५-०७८।६।२०</td><td>जिपि कम्प्युटर एण्ड स्टेशनरी सेन्टर</td><td>कार्यालय सामान</td><td>१० दिनमा ८ बिलवाट खरिद</td><td>१५५८१०</td></tr>
<tr><td></td><td>बैष्णवी ईन्टरप्राईजेज</td><td>कार्यालय सामान</td><td>१० दिनमा ९ बिलवाट खरिद</td><td>१७६५००</td></tr>
<tr><td></td><td>बिश्व कम्प्युटर</td><td>कार्यालय सामान</td><td>१० दिनमा ५ बिलवाट खरिद</td><td>११७०००</td></tr>
<tr><td>६६-०७८।८।१२</td><td>उग्रतारा कम्प्युटर रिपेयरिङ</td><td>कार्यालय समान (कार्टेज टोनर)</td><td>२०७८।८।२४ को ५ विल</td><td>९६३००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>५९५६१०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>मालसामान खरिदमा समेत पेश्की</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ४९ मा बिक्रेतावाट सोझै मालसामान खरिद गर्न नसकिने भई त्यस्तो मालसमान खरिद गर्न आफ्नो कार्यालयको कमर्चारीलाई पेश्की दिई पठाउनु पर्ने भएमा अधिकार प्राप्त अधिकारीले कारण उल्लेख गरी पेश्की दिन सक्ने उल्लेख छ । पालिकाले सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम खरिद गरिने मालसामानको लागत अनुमान तयार गरी उपयुक्त खरिद बिधिको छनौट गरी सोझै बिक्रेता संग खरिद गर्न सकिने मालसामान खरिदको लागि लागत अनुमाननै तयार नगरी ठुलो रकम कर्मचारीलाई पेश्की दिने गरेको देखियो । यसरी मालसामान खरिदको लागि कर्मचारीलाई पेश्की दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>सम्वन्धित फर्म लाई भुक्तानी<br><br>पालिकाले मालसमान खरिद र निर्माण कार्य लगायत अन्य कार्यको खर्च रकम भुक्तानी गर्दा सम्वन्धित व्यक्ति, फर्म, आपुर्तीकर्ता र निर्माण व्यवसायीको नाममा भुक्तानी गर्नु पर्नेमा पालिकाकै कर्मचारीको नाममा रकम भुक्तानी गर्ने गरेको त्यस्तै बिभिन्न फर्मको भुक्तानी एउटै फर्मको नाममा गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा निम्नुसारको कारोवार रकम भुक्तानी गर्दा सम्वन्धित व्यक्ति, फर्म र आपुर्तिकको नाममा भुक्तानी नगरी कर्मचारीको नाममा भुक्तानी गरेको देखियो । पालिकाले यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ ।<br><br>
<table>
<tr><th>गोश्वरा भौचर नं र मिति</th><th>फर्मको नाम</th><th>खरिदको विवरण</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">२२६-०७८।१२।२८</td><td>जिपि कम्प्युटर एण्ड स्टेशनरी सेन्टर</td><td>कार्यालय सामान</td><td>१५५८१०</td><td rowspan="2">खरिद रकम रु. ८,०४,५१०।- मध्ये कर कट्टी पछिको रकम जगन्नाथ</td></tr>
<tr><td>बैष्णवी ईन्टरप्राईजेज</td><td>कार्यालय सामान</td><td>१७६५००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="3"></td><td>बिश्व कम्प्युटर</td><td>कार्यालय सामान</td><td>११७०००</td><td rowspan="3">छापाखानाको नाममा मात्र चेक जारी गरेको</td></tr>
<tr><td>एनएमबिसी ईलेक्ट्रोनिक्स</td><td>कार्यालय सामान</td><td>८५५२५</td></tr>
<tr><td>जगन्नाथ छापाखाना</td><td>कार्यालय सामान</td><td>२६९६२५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८०४५१०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>स्वयंसेवक शिक्षक करारमा नियुक्त<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिम स्थानीय तहलाई दिएको शिक्षा सम्बन्धी अधिकारमा गाउँपालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिदैन । त्यस्तै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ भने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा अनुमती प्राप्त गरि संचालनमा रहेका र कुनैपनि दरवन्दी तथा राहात अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाइ शिक्षक व्यवस्थापन गर्न अनुदान दिन सकिने व्यवस्था छ । उल्लेखित व्यवस्था विपरित पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका बिभिन्न बिद्यालयको लागि स्वयंसेवक शिक्षक करारमा नियुक्ति गरी यस बर्ष रु. १,०१,२०,७००।- सम्वन्धित बिद्यालयलाई निकासा दिएको छ । माथि उल्लेखित व्यवस्था विपरित पालिकाले आफ्नो आन्तरिक आयको स्रोत न्युन भएको अवस्थामा करारमा स्वयंसेवक शिक्षक नियुक्ति गरेको कानुन सम्मत देखिदैन ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>गाडी तथा एम्वुलेन्स मर्मत खर्च<br><br>सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक निकायले खर्च गर्दा मितव्यीता अपनाउनु पर्ने उल्लेख छ । पालिकाले यस बर्ष पटक पटक गाडी र एम्वुलेन्सको मर्मत संभारको निम्नानसार रु. २१,७६,५४०।- भुक्तानी गरेको देखिन्छ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले गाडी तथा एम्वुलेन्स मर्मतको मर्मत संभार अभिलेख राखेको भएता पनि उक्त अभिलेखमा गाडी तथा एम्वुलेन्सको पाट पुर्जा अघिल्लो पटक कहिले मर्मत गरेको हो सो विवरण खुलाएको छैन भने मर्मत गर्दा लागत अनुमान तयार गर्ने गरेको देखिएन । यसरी मर्मत अभिलेख, लगबुक नराखी र लागत अनुमान तयार नगरी गाडी र एम्वुलेन्स पटक पटक मर्मत संभार गरी भुक्तानी दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । | |

| गोश्वरा भौचर नं र मिति | फर्मको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १२७-२०७८।९।४ | माता सफल मोटर पार्टस | गाडी मर्मत | ३५५२४३ |
| २४६-२०७९।१।१४ | माता सफल मोटर पार्टस | | २८६१३९ |
| २४८-२०७९।१।१४ | माता सफल मोटर पार्टस | | ६६०८९ |
| ३०५-२०७९।३।१७ | माता सफल मोटर पार्टस | | ३०३७०४ |
| ३१०-२०७९।३।१७ | गनापुर अटो पार्टस | | १२३२९८ |
| ३१३-२०७९।३।१८ | माता सफल मोटर पार्टस | | ९७२३१ |
| ३१५-२०७९।३।१८ | माता सफल मोटर पार्टस | | २०८९६१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३१६-२०७९।३।१८</td><td>माता सफल मोटर पार्टस</td><td></td><td>९१६११</td></tr>
<tr><td>३०७-२०७९।३।१७</td><td>माता सफल मोटर पार्टस</td><td rowspan="2">एम्बुलेन्स मर्मत</td><td>१५२६८७</td></tr>
<tr><td>३४४-२०७९।३।२४</td><td>गनापुर अटो पार्टस</td><td>४९१४८७</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२१७६५४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>भ्रमण खर्च<br><br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन पालिकाको कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको।<br>• पालिका भित्र भ्रमणमा गएको अवस्थामा समेत भ्रमण खर्च भुक्तानी गरेको<br><br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>पत्र पत्रिका छपाई तथा सुचना खर्च</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक निकायले खर्च गर्दा मितव्यीता अपनाउनु पर्ने उल्लेख छ । पालिकाले यस बर्ष बिभिन्न प्रकारका सुचना प्रकाशन गरेको र सुचना प्रकाशन तथा प्रसारण गरेको भनि बिभिन्न पत्र पत्रिका, रेडीयो र अन्य संस्थालाई बिनियोजन गरेको रु. २४,६०,०००।–मा रु. २४,३८,४८८।–भुक्तानी दिएको छ । पालिकाले वोलपत्र मुल्याङ्कन सम्वन्धि सुचना प्रकाशन बाहेकको अन्य बिभिन्न सुचना प्रकाशन र प्रसारण गरेको भनि बिभिन्न पत्र पत्रिका, रेडियो र अन्य संस्थालाई रकम भुक्तानी गर्दा सुचना प्रकाशन र प्रसारणको लागि सम्झौता गरेको देखिएन । पालिकाले सुचना प्रकाशन र प्रसारणको रकम भुक्तानी दिदा सम्वन्धित संस्थासंग सम्झौता गरी सम्झौता बमोजिम सुचना प्रकाशन तथा प्रसारण भएको एकिन गरेर मात्र भुक्तानी दिने तर्फ ध्यान दिनुपर्दछ । | |
| ४३ | | | **सडक वोर्डतर्फ**<br><br>सडक वोर्ड नेपालवाट आर्थिक बर्ष २०७७।७८ मा स्वीकृत धुला चौर फैती सडक मर्मत र कुवाडी बिच्छ्या सडक मर्मत कार्यक्रम अनुसार पालिकाले रु. २७,०१,५०६।- लागत अनुमान तयार गरी उपभोता समितिसंग पालिकाले रु. १२,००,०००।-, प्रदेश सरकारवाट रु. ९,००,०००।- र उपभोक्ता समितिले रु. ६,०१,५०६।- व्यहोर्ने गरी २०७८।२।१७ मा सम्झौता भएकोमा उक्त कार्य आर्थिक बर्ष २०७७।७८ मा सम्पन्न हुन नसकी आर्थिक बर्ष २०७८।७९ मा सम्पन्न गरेको भनि भुक्तानी दिएको छ । गत बर्ष रु. २७,०१,५०६।- मा सम्पन्न गर्ने गरी सम्झौता भएको यस आयोजनाको यस बर्ष रु. १२,५१,१२९।- को कार्य सम्पन्न भएको भनि रु. ११,४०,०००।- भुक्तानी दिएको देखिन्छ । उपभोक्ता समितिले पेश गरेको ग्याविन जालि खरिदको विल अनुसार जम्मा १५२ ग्याविन जालि खरिद गरेको देखिएकोमा कार्य सम्पन्न भने २ योजनामा १५२/१५२ वटा ग्याविन जालि भरेको उल्लेख गरेको छ । उक्त निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदनमा जम्मा रु. २६,८१,९९८।-को कार्य सम्पन्न देखाएकोमा भुक्तानी रु. ११,४०,०००।- मात्र भएको देखिन्छ । अत : पालिकाले गत बर्ष सम्झौता गरी निर्माण कार्य सम्पन्न गर्ने गरी उपभोक्ता समिति संग सम्झौता गरेको योजनाको भुक्तानी दिन बाँकी रकम प्रमाणित नगराई यस बर्ष भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु. | १,१४०,००० |
| ४४ | | | **पुँजिगततर्फ** | |
| ४४.१ | ३५ | २०७९-३-२५ | **उपभोक्ता समितिबाट सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ मा सामान खरिद गर्दा प्रतिस्पर्धा मार्फत खरिद गर्नुपर्ने, खरिद योजना बेगर खरिद गर्न नहुने, प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्य गर्न नहुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा योजनाको मूख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समूदायलाई सहभागी गराउने भएमा मात्र उपभोक्ता समितिबाट | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माण कार्य गराउन सकिने उल्लेख छ। पालिकाले कवाडी जलविद्युत आयोजनाको रु. ३१,२२,८२३।- लागत अनुमानको विजुलीको लठ्ठा लगायतको सामान खरिदको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत खरिद कार्य गरेको देखिन्छ। पालिकाले जलविद्युत आयोजनाबाट उत्पादित विजुली विस्तार तथा वितरण कार्यको लागि आवश्यक पर्ने विजुली लठ्ठा र अन्य समाग्री खरिद कार्यमा प्रतिस्पर्धा नगराउने उद्देश्यले लागत अनुमान रकममै उपभोक्ता समिति मार्फत गराएको खरिद कार्य कानून सम्मत देखिंदैन । विद्युत सामाग्रि खरिदको कार्य पालिकाले ठेक्काको माध्यमबाट गरी उपभोक्ताको श्रम योगदान रहने संरचना निर्माण कार्य मात्र उपभोक्ता समितिबाट गराउनु पर्दछ। | |
| ४४.२ | | | **सीमा भन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १(क) मा रु. १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था छ। नियम ९७ को उपनियम १ (क) मा उल्लिखित एक करोड रुपैया सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ। यस सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत लागत अनुमानमा एकरुपता कायम गर्न लागत अनुमान भित्र मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र अन्य खर्च समेत समावेश गर्नु पर्ने भनी पत्र संख्या २०७४।७५ च.नं. ८०७ को पत्रबाट थप स्पष्ट पारेको छ। पालिकाले यस आर्थिक वर्षमा कवाडी खोला लघु जलविद्युत आयोजनाको रु. ९९,९७,३५५।- रकमको लागत अनुमान बनाउँदा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सी रकम समावेश नगरी एक करोड भन्दा घटीको लागत अनुमान तयार गरी उपभोक्ता समितसँग सम्झौता गरी कार्य सम्पन्न गराएको देखिन्छ। पालिकाले यस आयोजनाको लागत अनुमान बनाउँदा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सीको रकम समावेश नगरी निर्माण कार्यको लागत अनुमान एक करोड भन्दा घटी बनाएको तर उक्त लागत अनुमानमा मूल्य अभिवृद्धि कर,ओभरहेड र कन्टिजेन्सीको रकम समावेश गर्दा उक्त कार्यको लागत अनुमान रु. १,३४,५८,४३७।- पर्न जाने देखिन्छ। पालिकाले खरिद प्रक्रियामा प्रतिस्पर्धा सीमित हुने गरी ऐन नियममा भएको व्यवस्था विपरित १ करोड भन्दा बढी लागत अनुमान भएको आयोजनाको निर्माण कार्य लागत अनुमान बनाउने विधि र प्रक्रिया विपरित एक करोड भित्रको लागत अनुमान बनाई उपभोक्ता समिति मार्फत कार्य गराएको कानुन सम्मत देखिंदैन । यस्तो कार्य नियन्त्रण हुनु पर्दछ । | |
| ४५ | | | **लागत अनुमान तथा नर्म्सको प्रयोग**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नुपर्दछ। साथै नर्म्सहरुको प्रयोग गर्दा मितव्ययी हुन सक्ने अवस्थामा सो को समेत विचार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्नुपर्दछ। यस पालिकाले मेशिनबाट सडक खन्ने कार्यको लागि डोलिडारको नर्म्स प्रयोग गरेको र उक्त नर्म्स अनुसार शत प्रतिशत मेशिनको प्रयोग गर्दा प्रति घ.मि. क्रमशः नरम माटो काट्ने रु.५६.३६, कडा माटो काटेको रु. ८१.२४, नरम चट्टान काटेको रु. १५४.५२ र कडा चट्टान काटेको रु. २६३.८७ राखी दर विश्लेषण गरेको र ८५ प्रतिशत मेसिन र १५ प्रतिशत मानिसको संलग्नता रहने गरी सडक काट्ने कार्य गर्दा प्रति घ.मि. क्रमशः नरम माटो काट्ने रु.१०५.८६, कडा माटो काटेको रु. १३८.५८, नरम चट्टान काटेको रु. ४७८.९६ र कडा चट्टान काटेको रु. २१९४.१६ दर विश्लेषण गरेको पाइयोद। दयसरी उपरोक्त २ प्रकारको दर विश्लेषण गरेको भएतापनि मेशिनबाट सडक खन्ने कार्यको लागि ८५ प्रतिशत मेशिन र १५ प्रतिशत मानिस लाग्ने गरी दर विश्लेषण गरी लागत अनुमान तयार गरी उपभोक्ता समिति तथा निर्माण सेवा मार्फत कार्य गर्ने गरेको छ। सडक खन्ने कार्यको विल अफ क्वान्टिटी परीक्षण गर्दा सबै जस्तो सडक खन्ने कार्यमा शत प्रतिशत नै मेशिन प्रयोग हुने देखिएकोमा मेशिन प्रयोग गरी सडक खन्ने कार्यको लागि तयार गरीएको दर विश्लेषणको दर राखी लागत अनुमान तयार गर्नुपर्नेमा मेशिन ८५ प्रतिशत र मान्छे १५ प्रतिशत सहभागी हुने गरी तयार गरीएको दर राखी लागत अनुमान तयार गरी खरिद कार्य गर्ने गरेकोले सडक खन्ने कार्यमा अत्याधिक लागत लाग्ने गरेको पाइयो। मेशिन प्रयोग गरी सडक खन्दा उपरोक्त अनुसार ८५ प्रतिशत मेशिन र १५ प्रतिशत मान्छेको सहभागिता रहने गरी लागत अनुमान तयार गरी खरिद कार्य गरेको कारण प्रति घ.मि. नरम माटो खन्ने कार्यमा रु. ४९.४८, कडा माटो खन्ने कार्यमा रु. ५७.३४, नरम चट्टान खन्ने कार्यमा रु. ३२४.४४ र कडा चट्टान खन्ने कार्यमा रु. १९३०.२९ थप लागत खर्च हुने देखियो। मेशिनबाट सडक खन्ने कार्यमा उपरोक्त अनुसार थप लागत लाग्ने गरी गरिएको दर विश्लेषणको आधारमा तयार गरीएको लागत अनुमानको रकम बमोजिम नै सम्झौता गरी खरिद कार्य गराएकोले पालिकाले सडक निर्माण कार्यका लागि गरेको खरिद कार्य मितव्ययी देखिएन । यस्तो प्रकारको खरिद कार्यमा नियन्त्रण गरी मितव्ययी प्रकारले दर विश्लेषण तथा लागत अनुमान तयार गरी निर्माण कार्य गराउनु पर्दछ । | |
| ४६ | | | **बढी दरको प्रयोग**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्र भित्रका योजनाको संरचना निर्माण कार्यमा प्रयोग हुने फर्मा सम्बद्व आइटमको दर विश्लेषणबाट तय भएको दर भन्दा अत्याधिक बढी दर लागत अनुमानमा राखी सम्झौता तथा भुक्तानी गरेको पाइयो। दर विश्लेषणको परीक्षण गर्दा आर्थिक वर्ष २०७८।७९ को जिल्ला दररेट र स्वीकृत नर्म्स बमोजिम लोकल काठको फर्मा प्रति वर्गमिटर १४६३.३५ मात्र हुन आउनेमा पालिकाले केहि स्थानमा निर्माण कार्यको लागि लामो दुरीको ढुवानी देखाई बढी दर सहितको दर विश्लेषण गरी प्रति वर्ग मिटर रु. ४३१०.८५ देखि रु. ७१५५.५० सम्म लागत अनुमानमा समावेश गरी भुक्तानी गर्ने गरेको पाइयो। स्थानीय स्तरमा पाइने | ५०८,६७८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
लोकल सामाग्रीको लामो दुरीको ढुवानी देखाई दर विश्लेषण गर्न नमिल्ने भएकोले दर विश्लेषणबाट तय भएको वास्तविक दर भन्दा बढी दर राखी फर्मा सम्बद्व आइटमको भुक्तानी भएको निम्नानुसार रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>निर्माण कार्यको नाम</th><th>फर्म/उपभोक्ता समितिको नाम</th><th>खपत फर्मा (ब.मी.)</th><th>लिइएको दर</th><th>स्वीकृत दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>६४।०७८।११।०६</td><td>धर्मदेव मन्दिर निर्माण कार्य</td><td>धर्मदेव मन्दिर निर्माण उपभोक्ता समिति</td><td>६९.५१</td><td>७१५५.५०</td><td>१४६३.३५</td><td>३९५६६१</td></tr>
<tr><td>३२।०७९।३।२४</td><td>श्री कुल मष्टाजन आ.वि. को भवन निर्माण कार्य</td><td>श्री कुल मष्टाजन आ.वि. को भवन निर्माण उ.स.</td><td>३९.६९</td><td>४३१०.३५</td><td>१४६३.३५</td><td>११३०१७</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>५०८६७८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>
फलामे डण्डीमा बढी भुक्तानी<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार तयार गर्नुपर्ने व्यवस्था छ। शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौंले तयार गरेको स्वीकृत नर्म्स अनुसार पालिकाले निर्माण कार्यमा प्रयोग हुने विभिन्न साइजको फलामे डण्डीको लागि ल्याप्स, चियर र वेष्ट आदिको लागि ५ प्रतिशत थप गरी (१.०५ के.जी. बराबर १ के.जी.) दर विश्लेषण गरेको अवस्थामा समेत तपशिल निर्माण कार्यको विल भुक्तानी गर्दा Reinforcement को आइटमको नापी अनुसारको कुल खपत भएको कार्य परिणाममा १० प्रतिशत थप नापी गरी भुक्तानी गरेको पाइयो। पालिकाले नर्म्स अनुसार दर विश्लेषण
</td><td>२४,६००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्दाकै बखत ५ प्रतिशत थप गरे पश्चात पुनः नर्म्स वेगर ल्यापिङ्ग उल्लेख गरी थप परिमाण (के.जी.) को भुक्तानी दिन नमिल्ने देखिएकोले निम्नानुसारका संरचना निर्माण कार्यका उपभोक्ता समिति/फर्मलाई भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.<br>

| गो.भौ.नं./मिति | उ.स./फर्मको नाम | डण्डीको वास्तविक खपत(के.जी.) | थप परिमाणको भुक्तानी के.जी. | दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ७५।०७८।१२।२३ | सकल हंस मन्दिर निर्माण कार्यको उ.स. | ४४३.९ | ५५ | १५० | ८२५० |
| ८०।०७८।१२।२३ | मस्टा मन्दिर निर्माण कार्यको उ.स. | ९७७.८३ | ६० | १३५ | ८१०० |
| १२८।०७८।१२।२९ | डाल्शीलो मष्टा मन्दिर निर्माण कार्यको उ.स. | ३०४.७७ | ५५ | १५० | ८२५० |
| **जम्मा** | | | | | २४६०० |

</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर दाखिला नगरेको<br><br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहको कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले मूल्य अभिवृद्धि करको शत प्रतिशत नै तपसिलका फर्मलाई भुक्तानी दिएकोले सो को मूल्य समायोजन प्रमाण पेश गर्ने अन्यथा ३० प्रतिशत असुल हुनुपर्ने रु.</td><td>६९५,०५२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो भौ/मिति</th><th>फर्म/विक्रेताको नाम</th><th>खरिदको प्रकार</th><th>विल रकम</th><th>मू.अ.कर</th><th>३०% मू.अ.कर</th></tr>
<tr><td>६५।०७८।११।६</td><td>एभरेष्ट वायरलेश नेटवर्क प्रा.लि</td><td>इन्टरनेट जडान तथा व्यवस्थापन</td><td>५९४०००</td><td>७७२२०</td><td>२३१६६</td></tr>
<tr><td>७१।०७८।१२।१२</td><td>वल्डलिन्क कम्यूनिकेशन लिमिटेड</td><td>इन्टरनेट जडान तथा व्यवस्थापन</td><td>१५३६००</td><td>१९९६८</td><td>५९९०</td></tr>
<tr><td>१८५।०७९।३।२३</td><td>डेल्टा टेक्सस ई.</td><td>इन्टरनेट जडान तथा व्यवस्थापन</td><td>१८००००</td><td>२३४००</td><td>७०२०</td></tr>
<tr><td>१९४।०७९।३।२५</td><td>ऊँ शिव कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स</td><td>कवाडी रुगित सडक मर्मत कार्य</td><td>७१४२००</td><td>९२८४६</td><td>२७८५४</td></tr>
<tr><td>१९६।०७९।३।२५</td><td>कालिका कन्स्ट्रकसन</td><td>धुलाचौर फत्तिमा सडक स्तरोन्नति कार्य</td><td>५४८५६१</td><td>७१३१३</td><td>२१३९४</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १९७।०७९।३।२५ | स्पर्श ई. एण्ड विल्डर्स प्रा.लि. | कवाडी लघु जलविद्युत निर्माणमा पानी निकास कार्य | ८४४०८० | १०९७३० | ३२९१९ |
| २।०७९।३।२४ | लोमस सर्जिकल हाउस | सर्जिकल सामान खरिद कार्य | ८८४९१२ | ११५०३९ | ३४५१२ |
| ४।०७९।३।२९ | समिट पिक ई. कन्सल्टेन्सी प्रा.लि. | गा.पा.प्रशासनिक भवनको रंगरोगन र च्यानल गेट निर्माण | ३३२८०० | ४३२६४ | १२९७९ |
| २।०७८।१०।१६ | इनोभेटिभ एण्ड सस्टेनेवल टेक्नोलोजी सलुशन प्रा.लि | नविकरणीय उर्जा प्रविधि जडान कार्य | ३७८४०० | ४९१९२ | १४७५८ |
| ३।०७८।१०।१६ | इमर्जिङ्ग अल्टरनेटिभ सस्टेनेवल टेक्नोलोजी प्रा.लि | नविकरणीय उर्जा प्रविधि जडान कार्य | ४२६००० | ५५३८० | १६६१४ |
| २।०७९।२।१२ | सौर्य डिजाइन एण्ड ई. कन्सल्टेन्सी | प्रोजेक्ट बैंकमा रहने योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयारी | ४४२१९७ | ५७४८६ | १७२४६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३।०७९।२।१२ | स्पर्श ई. एण्ड विल्डर्स प्रा.लि. | प्रोजेक्ट बैंकमा रहने योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयारी | ४४२१९७ | ५७४८६ | १७२४६ |
| ६।०७९।३।२५ | लजिक अफिस सिस्टम | मतगणना स्थलमा दृश्य अवलोकन प्रणाली जडान | ४४०००० | ५७२०० | १७१६० |
| १।०७९।३।२ | समिट पिक ई. कन्सल्टेन्सी प्रा.लि. | १० शैयाको प्राथमिक स्वास्थ्यको डि.पि.आर. तयारी कार्य | ४४१७७० | ५७४३० | १७२२९ |
| ३१।०७९।३।२४ | टारगेट ई. कन्सल्टेन्सी प्रा.लि. | धिमपाँडी सडकको डि.पि.आर. तयारी कार्य | १७६०५०० | २२८८६५ | ६८६६० |
| १०।०७९।१।१५ | नमस्ते कर्णाली मल्टिमिडिया | सूचना प्रकाशन | १२३२५० | १६०२३ | ४८०७ |
| ११।०७९।१।१९ | रेन ट्रेड एण्ड मार्केटिङ्ग | सूचना प्रकाशन | २०४४२५ | २६५७५ | ७९७३ |
| **जम्मा** | | | | | **३४७५२५** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>विल विजकको भुक्तानी<br><br>विल विजकको भुक्तानीः खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा उल्लेख छ। पालिकाबाट खरिद सम्झौता भएका निर्माण कार्यका रनिङ्ग विल र नापी किताव परीक्षण गर्दा देखिएका व्यहोराहरु यस प्रकार छन।</td><td></td></tr>
<tr><td>४९.१</td><td>२३</td><td>२०७८-८-१५</td><td>रुगिन नन्दापाला सडक निर्माण कार्य अन्तर्गत सडक खन्ने कार्यको प्राविधिकद्वारा रु. २२,२९,८१३।- मूल्यांकन भए बमोजिम जनसहभागिताको अंश कट्टा गरी पालिकाले उपभोक्ता समितिलाई रु. १८२२२७५ भुक्तानी गरेको छ। यस निर्माण कार्यको Earth work calculation sheet परीक्षण गर्दा सडक खन्ने कार्य जम्मा ९३७१.२५ घ.मी. को मात्र कार्य भएकोमा पालिकाले नरम माटो ५१६५.४० घ.मी., कडा माटो २८४२.८८ घ.मी., नरम चट्टान १०२९.५६ घ.मी. र कडा चट्टान ३५५.९१ घ.मी. समेत जम्मा ९३९३.७५ घ.मी. को नापीमा देखाई खर्च लेखेकोले कार्य नभएको २२.५० घ.मी. कडा चट्टान फोरेको प्रति घ.मी. २१९४.१६ ले बढी भुक्तानी भएको पाइयो। Earth work calculation sheet अनुसार ९३७१.२५ घ.मी. को मात्र सडक खन्ने कार्य भएकोमा २२.५० घ.मी. बढीको नापी गरी भुक्तानी दिएको रु. ४९३६९ यस निर्माण कार्यका उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.</td><td>४९,३६९</td></tr>
<tr><td>४९.२</td><td>८१</td><td>२०७८-१२-२३</td><td>खानेपानीको पाइपलाइन विच्छ्याउने कार्यमा प्रयोग भएको पाइप भन्दा पाइप विच्छ्याउन माटो खन्ने र पुर्ने कार्यको लम्बाई बढी देखाउन मिल्दैन। रु. ६२१८३० कामको मूल्यांकन भएको विउरी खानेपानी निर्माण योजनाको लागि ७०० मिटरको एच.डि.पि.ई पाइप प्रयोग भएकोमा पाइप लाईन खन्ने र पुर्ने कार्य समेत बढीमा ७०० मिटरको मात्र खर्च देखाउनु पर्नेमा ७५० मिटरको खर्च देखाएकोले तपशिल बमोजिम खन्ने तथा पुर्ने कार्यको ५० मिटर रु. २२८४९ यस निर्माण कार्यका उपभोक्ता समितिलाई बढी भुक्तानी भएकोले असुल हुनुपर्ने रु.<br><table><tr><th>विवरण</th><th>लम्बाई (मी)</th><th>चौडाई (से.मी.)</th><th>उचाई (से.मी.)</th><th>बढि परिमाण (घ.मी.)</th><th>दर</th><th>बढी रकम</th></tr><tr><td>खन्ने कार्य</td><td>५०</td><td>०.६०</td><td>०.७०</td><td>२१</td><td>८७५.५०</td><td>१८३८६</td></tr></table></td><td>२२,८४९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पुर्ने कार्य</td><td>५०</td><td>०.६०</td><td>०.७०</td><td>२१</td><td>२१२.५०</td><td>४४६३</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२२८४९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९.३</td><td>१२५</td><td>२०७८-१२-२९</td><td>बाँमू गाउँघर क्लिनिक व्यवस्था तथा संचालन खर्च योजनाको निर्माण कार्यको रु.७६८८४४ मूल्यांकन भई उपभोक्ता समितिलाई रु. ५५०००० भुक्तानी भएको छ। यस निर्माण कार्यको लागत अनुमानमा झ्याल ढोकाको चौकटको कार्य २.८३ क्यूविक मिटर उल्लेख भएकोमा विलबाट ५.६२५६ क्यूविक मिटरको प्रति क्यूविक मिटर रु.५०,१६८.५० ले खर्च लेखेको पाइयो। लागत अनुमानमा उल्लेख भएको चौकट काठको अत्याधिक बृद्धि देखाएको सम्बन्धमा नापी किताव परीक्षण गर्दा तपशिल बमोजिम ०.५०९५ क्यूविक मिटरको मात्र कार्य भएकोमा नापी हिसाव फरक पारी ५.६२५६ क्यूविक मिटरको कार्य देखाई नभएको चौकटको ५.११६१ क्यूविक मिटरको रु.२५६,६६७ बढी भुक्तानी भएको छ। अतः नभएको कार्य भएको भनी फरक नापी देखाई बढी भुक्तानी भएको ५.११६ क्यूविक मिटर चौकटको उक्त रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्दछ रु.
<table>
<tr><th>विवरण</th><th>नापी फरक पारी खर्च लेखेको चौकटको साइज र परिमाण</th><th>वास्तविक नापी अनुसारको चौकटको परिमाण</th><th>बढी परिमाण</th><th>दर</th><th>बढी रकम</th></tr>
<tr><td>ढोकाको चौकट</td><td>२*४*०.०७५*०.०७५=०.६०१६</td><td>२*४*०.०७५*०.०७५=०.०४५</td><td>०.५५६६</td><td>५०१६८.५०</td><td>२७५२४</td></tr>
<tr><td>झ्यालको चौकट</td><td>४*५*०.०७५*०.०७५=१.५०४</td><td>४*५*०.०७५*०.०७५=0.११२५</td><td>१.३९१५</td><td>५०१६८.५०</td><td>६९८०९</td></tr>
<tr><td>पर्लिन</td><td>४*८.८०*०.१००*०.१०=३.५२</td><td>४*८.८०*०.१००*०.१०=0.३५२</td><td>३.१६८</td><td>५०१६८.५०</td><td>१५८९३४</td></tr>
</table>
</td><td>२५६,६६७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा ५.६२५६ क्यूविक मिटर</td><td>जम्मा ०.५०९५ क्यूविक मिटर</td><td>५.११६१ क्यूविक मिटर</td><td>५०१६८.५०</td><td>२५६६६७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>
समितिसँग सम्झौता गरी निर्माण सेवा मार्फत कार्य गराएको<br><br>
उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम कुनै निर्माण व्यवसायीबाट गराएको पाइएमा समितिसँग भएको सम्झौता तोडी बाँकी कार्य सार्वजनिक निकायले ऐन र नियमावली बमोजिम गराउन सक्ने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उल्लेख छ भने सोही नियमावलीको नियम १३(क) मा समिति वा लाभग्राही समूदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्नता गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समूदायसँग भएको सम्झौता रद्द गरी समितिलाई भविष्यमा त्यस्तो किसिमको कार्य नदिने र निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिश गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष समितिसँग सम्झौता गरी निर्माण कार्य गराएका निर्माण कार्यको नमूना परीक्षण गर्दा तपशिलका केहि समितिहरु सँग पालिकाले सम्झौता गरेको भएता पनि समितिले उक्त कार्य निर्माण व्यवसायी पुनः सम्झौता गरी खरिद कार्य गराएको पाइयो। यसरी समितिले पाएको काम आफैं नगरी निर्माण व्यवसायी मार्फत गराएकोमा समेत उपरोक्त नियममा भएको व्यवस्था अनुसार समिति र निर्माण सेवालाई पालिकाले आवश्यक कारवाही गरेको छैन। प्रचलित कानुनी व्यवस्थाको बर्खिलाप गर्ने समिति र निर्माण सेवालाई छानविन गरी पालिकाले कारवाही गरीनुपर्दछ भने समितिसँग सम्झौता गरी निर्माण सेवा मार्फत कार्य गर्ने कार्यलाई नियन्त्रण गरिनुपर्दछ। यस सम्बन्धी केही उदाहरण यस प्रकार छन्।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>निर्माण कार्यको नाम</th><th>सम्झौता रकम</th><th>उ.स. को नाम</th><th>उ.स. ले पुनः निर्माण सेवासँग गराएको निर्माण सेवाको नाम</th><th>उ.स.लाई भुक्तानी रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३।०७८।८।१५</td><td>रुगिन नन्दापाल सडक खन्ने काम</td><td>२४६९८३०</td><td>रुगिन नन्दापाल सडक निर्माण उ.स.</td><td>कार्की निर्माण सेवा</td><td>१८२२२७५</td></tr>
<tr><td>१८।०७८।८।१४</td><td>फैति बोर्ता सडक निर्माण कार्य</td><td>३३८११९२</td><td>फौति बोर्ता सडक निर्माण कार्य उ.स.</td><td>कार्की कन्सट्रक्सन एण्ड सप्लायर्स</td><td>२६५८३००</td></tr>
<tr><td>१६५।०७९।३।१</td><td>कवाडी खोला जलविद्युत निर्माण स्थल जाने सडक निर्माण कार्य</td><td>७२०१२०</td><td>कवाडी खोला जलविद्युत निर्माण स्थल जाने सडक निर्माण उ.स.</td><td>कार्की कन्सट्रक्सन एण्ड सप्लायर्स</td><td>६०६६४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>१० शैया अस्पतालको निर्माण<br><br>सम्झौता रकम रु. ७,५०,७६,२३१.०३।- भएको १० शैयाको प्राइमेरी अस्पताल निर्माण कार्यको लागि मिति ०८०।३।२५ मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति ०७८।३।८ मा धुलिखेल निर्माण सेवा प्रा.लि. सँग खरिद सम्झौता भएको थियो।यस निर्माण कार्यको प्रथम विल वापत निर्माण सेवालाई ६।०७९।३।२५ मा रु. ४५,३२,५०७।- भुक्तानी भएको छ भने निर्माण सेवालाई गत वर्ष पेश्की रु. ६६,००,०००।- भुक्तानी भएको छ।यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन।</td><td></td></tr>
<tr><td>५१.१</td><td></td><td></td><td>आइटम भेरिएशनः पालिका र यस १० शैयाको प्राइमेरी अस्पताल निर्माण कार्यको निर्माण व्यवसायी बीच प्राथमिक अस्पताल निर्माण कार्यको खरिद सम्झौतामा निर्माण कार्यको विल अफ क्वान्टिटीको कुनै आइटम २५ प्रतिशत भन्दा बढी वा शुरु सम्झौता रकमको २ प्रतिशत भन्दा बढी खर्च हुने भएमा पालिकाले निर्माण सेवासँग नयाँ दरको सम्झौता मार्फत भेरिएशन स्वीकृत गराएर मात्र थप कार्य परिमाणको कार्य गराउनु पर्ने उल्लेख छ।यस निर्माण कार्यको प्रथम विलको रु. ४५,३२,५०७।- रकम भुक्तानी गरेको रनिङ्ग विल र सम्बद्ध नापी किताव परिक्षण गर्दा विल अफ क्वान्टीटीमा माटो काट्ने कार्य ६१२४.४५ घ.मि. को मात्र कार्य गर्नुपर्ने उल्लेख भएकोमा प्रथम विलबाट ३७७६९.४९ घ.मि. काटेको नापी गरी सुरू लागत अनुमान भन्दा ३१६४५.०४ घ.मि. अर्थात ५१६.७० प्रतिशत बढीको आइटम भेरीएशन स्वीकृत बेगर प्रति घ.मि. रु. १०५.०९ ले भुक्तानी भएको पाइयो । अतः सम्झौताको शर्त अनुसार शुरु सम्झौतामा</td><td>३,३२५,५७७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उल्लेख भएको कार्य परिमाणको २५ प्रतिशत भन्दा बढीले भेरीएशन बेगर नापी गरी भुक्तानी दिएको रु. ३३,२५,५७७।- नियम सम्मत नदेखिएको रु.</td><td></td></tr>
<tr><td>५१.२</td><td></td><td></td><td>निर्माण कार्यमा विलम्बः यस १० शैयाको अस्पताल निर्माण कार्यका लागि धुलिखेल निर्माण सेवासँग रु.७५०७६२३१ लागतमा भएको सम्झौता अनुसार निर्माण कार्य मिति २०७८।३।२५ मा सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षणको अवधी २०७९।५।२२ सम्म जगमा माटो काट्ने कार्य, पुर्ने कार्य र साइट सफा गर्ने कार्य मात्र भै सम्झौता बमोजिमको कार्यको ६.०४ प्रतिशत मात्र भौतिक प्रगति भएको भएको छ। निर्माण सेवाले पेश गरेको निर्माण कार्यको कार्यतालिका अनुसार लेखापरीक्षण अवधीसम्म सव स्ट्रक्चर र सुपर स्ट्रक्चरको कार्य सम्पन्न देखाउनु पर्नेमा साईट सफा र माटोको काम मात्र गरी बाँकी कार्य नगरेको देखिएकोले पालिका प्रशासनले निर्माण सेवालाई सम्झौताका शर्त र स्वीकृत कार्यतालिका बमोजिम कार्य गर्ने आवश्यक निर्देशन दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>परामर्श सेवाको खरिद<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी गर्न नहुने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा २० लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६(क) बमोजिम मौजुदा सुचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था छ। प्रस्ताव माग गर्दा सम्भव भएसम्म ६ वटा र कम्तिमा ३ वटा परामर्शदातासँग प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष परामर्श सेवा खरिद गर्दा बढीमा ३ वटा कोटेसन माग गरी निम्नानुसारको परामर्श सेवा खरिद गरेको छ ।
<table>
<tr><th>गो.भौ. नं. र मिति</th><th>परामर्शदाताको नाम</th><th>परामर्श सेवाको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td colspan="4">पालिका चालुतर्फ</td></tr>
<tr><td>२२६-०७८।१२।२८</td><td rowspan="2">स्पर्श ईन्जिनियरिङ एण्ड विल्डर्स</td><td>२ नं. वडा कार्यालय भवनको डि.पि.आर</td><td>४९९६८०</td></tr>
<tr><td>२२६-०७८।१२।२८</td><td>३ नं. वडा कार्यालय भवनको डि.पि.आर</td><td>४९९६८०</td></tr>
<tr><td>२२६-०७८।१२।२८</td><td rowspan="2">गृह डिजाईन एण्ड ईन्जिनियरिङ कन्सल्टेन्सी</td><td>१ नं. वडा कार्यालय भवनको डि.पि.आर</td><td>४९९६८०</td></tr>
<tr><td>२२६-०७८।१२।२८</td><td>५ नं. वडा कार्यालय भवनको डि.पि.आर</td><td>४९९६८०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

पालिका पुँजिगततर्फ

| | | | |
|---|---|---|---|
| ५-०७८।६।२० | थापा कन्सल्टेन्सी | वडा कार्यालयको भवनको डि.पि.आर. तयारी कार्य | ४९९६८० |
| ६-०७८।६।२० | थापा कन्सल्टेन्सी | पार्कको डि.पि.आर. तयारी कार्य | ४९९६८० |
| ३९-०७८।९।४ | थापा कन्सल्टेन्सी | शैलेश्वरी स्कुलको डि.पि.आर. तयारी कार्य | ४९९६८० |
| ४०-०७८।९।४ | थापा कन्सल्टेन्सी | पालिकाको क्वाटर निर्माणको डि.पि.आर. तयार कार्य | ४९९६८० |
| ४१-०७८।९।४ | थापा कन्सल्टेन्सी | बढीमालिका होस्टेल भवन निर्माण कार्यको डि.पि.आर. तयारी कार्य | ४९९६८० |
| ३-०७९।२।१२ | स्पर्श ईन्जिनियरिङ एण्ड बिल्डर्स | प्रोजेक्ट बैंकका बिभिन्न योजनाको डि.पि.आर. | ४९९६८० |
| १-०७९।३।२ | समिट पिक ई. कन्सल्टेन्सी | प्राथमिक स्वास्थ्य केन्द्रको डि.पि.आर. तयारी कार्य | ४९९२०० |
| ३१-०७९।३।२४ | टारगेट ई. कन्सल्टेन्सी | धिमपाडी सडकको डि.पि.आर. तयारी कार्य | १९८९३६५ |
| २-०७९।२।१२ | सौर्य डिजाइन एण्ड ई. कन्सल्टेन्सी | प्रोजेक्ट बैंकका बिभिन्न योजनाको डि.पि.आर. | ४९९६८० |
| ३२-०७८।८।२८ | जनसेवा ई. कन्सल्टेन | जनता आधारभुत विद्यालयको डि.पि.आर. तयारी कार्य | ४९९५४९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **जम्मा** ८४८४५९४<br>परामर्श सेवा खरिदका सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन । | |
| ५२.१ | | | **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा गत बर्षको नर्म्स, सोही प्रकृतिको अन्य कार्य गर्ने निकायले तयार गरेको नर्म्सलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष परामर्श सेवा खरिद वापत रु. ८४,८४,५९४।- भुक्तानी गरेकोमा परामर्श सेवाको नर्म्स स्वीकृत गरेको छैन भने लागत अनुमान तयार गर्दा गत बिगत बर्षको नर्म्स र अन्य निकायको सोही प्रकृतिको कामको नर्म्सलाई समेत आधार लिएको देखिएन । यसरी पालिकाको नर्म्स स्वीकृत नभएको अवस्थामा लागत अनुमान तयार गर्दा अन्य निकायले तयार गरेको नर्म्स प्रयोग गरेको खुल्ने स्पस्ट प्रमाण संलग्न नभएकोले पालिकाले तयार गरेको लागत अनुमान यथार्थ र मितव्ययी छ भन्न सक्ने अवस्था देखिएन। पालिकाले स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी खरिद कार्य मितव्ययी र प्रतिष्पर्धी वनाउनुपर्दछ । | |
| ५२.२ | | | **पेशागत दायित्वको बिमा नगरेको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेसनल ल्यावलिटी ईनस्योरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८२(७) मा उल्लेख छ । पालिकाले परामर्श सेवा सम्वन्धी कार्यका लागि सम्झौता गरी रु. ८४,८४,५९४।- रकम भुक्तानी गरेकोमा परामर्श सेवा कार्यको ऐन नियममा भएको व्यवस्था बमोजिम पेशागत दायित्व विमा गराएको देखिएन । पालिकाले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ । | |
| ५२.३ | | | **खरिद कार्यमा प्रतिस्पर्धा :** पालिकाले एउटै प्रकृतिको काम वडा कार्यालयको भवन निर्माण कार्यको डि.पि.आर लगायत अन्य डि.पि.आर तयारी कार्यको एउटै प्याकेज बनाई नियमावलीमा भएको व्यवस्था वमोजिम आर्थिक र प्राविधिक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्नेमा एउटै प्रकृतिको कामलाई टुक्रा टूक्रा पारी एउटै फर्म संग एक आर्थिक बर्षमा पटक पटक सिमा भन्दा बढिको खरिद गरेको देखियो । यसरी ऐन नियममा भएको व्यवस्था विपरित प्रतिष्पर्धा समिति हुने गरी टुक्रा टुक्रा पारी परामर्श सेवा खरिद गर्ने कार्यालाई नियन्त्रण गर्नुपर्दछ । | |
| ५२.४ | | | **पालिकाको जनशक्तिको उपयोग नगरेको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका आफ्नै जनशक्तिवाट हुने कामको लागि परामर्श सेवा लिन नहुने उल्लेख छ । पालिकाले उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र प्रतिष्पर्धाको माध्यमवाट | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | परामर्श सेवा खरिद गनुपर्नेमा पालिकामा कार्यरत जनशक्तिवाट उक्त कार्य हुन नसक्ने स्पष्ट कारण वेगर परामर्श सेवाको खरिद गरेको देखियो । पालिकाले कार्यालयको जनशक्तीवाट कार्य हुन नसक्ने अवस्थामा मात्र परामर्शदाता संग खरिद गर्नुपर्दछ । | |
| ५३ | | | **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी गर्न नहुने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र योजना अनुसार २० लाख रुपैया सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८५ मा रु. ५ लाख सम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ। कार्यालयले यस वर्ष पटक पटक गरी निम्न मालसमान सिमा भन्दा बढी रकमको सोझै खरिद गरेको देखिन्छ । पालिकाले ऐन नियममा भएको व्यवस्था बिपरित पटक पटक गरी सिमा भन्दा बढीको सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु. | ४,१९५,८७० |

| गो. भौ. नं./मिति | फर्मको नाम | खरिदको प्रकार | रकम |
|---|---|---|---|
| २-०७८।८।१२ | लाईफ स्टिल फर्निचर उद्योग (चालु तर्फ) | फर्निचर | ४९८८८७ |
| २-०७८।८।१२ | लाईफ स्टिल फर्निचर उद्योग (चालु तर्फ) | फर्निचर | २४०७८० |
| १४,१५-०७८।८।१२ | वागेश्वरी फर्निसिङ्ग दरवार | फर्निचर | ५७२४५९ |
| २-०७८।१०।१६ | इन्नोभेटिभ एण्ड सस्टेनेवल टेक्नोलोजी सोलुशन | नविकरणीय उर्जा प्रविधि जडान कार्य | ४१६४१२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३-०७८।१०।१६</td><td>इमर्जिङ्ग अल्टरनेटिभ सस्टेनेवल टेक्नोलोजी प्रा.लि.</td><td>नविकरणीय उर्जा प्रविधि जडान कार्य</td><td>४८१३८०</td></tr>
<tr><td>६५-०७८।११।६</td><td>एभरेष्ट वायरलेस नेटवर्क प्रा.ली</td><td>इन्टरनेट जडान तथा व्यवस्थापन</td><td>६७१२२०</td></tr>
<tr><td>१०६-२०७८/१२/३०</td><td>स्यानिटाइजर २००० वोतल(संघीय चालु तर्फ)</td><td>मकालु इन्टरनेशन ट्रेडिङ काठमाण्डौ</td><td>९३७९००</td></tr>
<tr><td>१०९-२०७८/१२/२९</td><td>न्यानो झोला(संघीय चालु तर्फ)</td><td>मकालु इन्टरनेशन ट्रेडिङ काठमाण्डौ</td><td>३७६८३२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४१९५८७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>औद्योगिक ग्राम निर्माण कार्य<br><br>स्थानीय स्रोत साधन, कच्चा पदार्थ, प्रबिधि र सिपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी बृद्धी गरी यस्ता उद्योग स्थापना, विकास र प्रवर्दन गर्दै रोजगारी सिर्जनाको माध्यमवाट स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउन छरिएर रहेका साना उद्योगहरुलाई एकिकृत गरी व्यवस्थित गर्दै उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्न नेपाल सरकारको प्रत्येक स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गरी सञ्चालनमा ल्याउने नीति अनुरुप घोषणा भएको वाजुरा जिल्लाको यस गाउँपालिका अन्तर्गतको ६ नं. वडा स्थित औद्योगिक ग्रामको पुर्वाधार बिकास र निर्माण कार्यको लागि नेपाल सरकार उद्योग मन्त्रालय र पालिका विच सम्झौता भई रु. ९२ लाख निकासा पठाएकोमा पालिकाले उक्त ९२ लाख रकमनै औद्यगिक ग्रामको पुर्वाधार निर्माण र अन्य कार्यमा खर्च गरेको देखिन्छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४.१ | | | **निर्माण कार्यको बिस्तृत सम्भाव्यता अध्ययन खर्च**: मन्त्रालय र पालिका वीच भएको सम्झौता पत्रको बुदा नं. ३ मा पालिकाले आफ्नै स्रोतवाट बिस्तृत सम्भाव्यता अध्ययन गरी सो को प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने उल्लेख छ । त्यस्तै सम्झौताको बुदा नं. ११ मा आर्थिक बर्ष २०७८।७९ मा निकासा भएको रकम खर्च नभई बाँकी रहेमा नियमानुसार हुने उल्लेख छ । माथि उल्लेखित बुदा नं. ३ मा भएको व्यवस्था अनुसार बिस्तृत सम्भाव्यता अध्ययन सम्वन्धि कार्य पालिकाले आफ्नै स्रोतवाट तयार गर्नुपर्ने र बुदा न. ११ अनुसार खर्च नभई बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने देखिन्छ । तर पालिकाले सम्झौता विपरित बिस्तृत सम्भाव्यता अध्ययन कार्यको रु. ९,५२,७४८।- थापा कन्सल्टेन्सीलाई भुक्तानी दिएको देखिन्छ । यसरी सम्झौता बमोजिम पालिकाले आफ्नै स्रोतवाट गर्नु पर्ने कार्यको लागि औद्यगिक ग्रामको पुर्वाधार निर्माण कार्यमा यस आर्थिक बर्षमा खर्च नभई बाँकी रहेको फिर्ता पठाउनु पर्ने रकमवाट खर्च गरेको रकम संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | ९५२,७४८ |
| ५४.२ | | | पालिका र मन्त्रालय वीच भएको सम्झौतामा निकासा भएको रकमवाट पुर्वाधार बिकासको काममा मात्र खर्च गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले वोलपत्रको सुचनाको रकम रु. १,५६,०८१।- समेत भुक्तानी दिएको देखिन्छ । औद्यगिक ग्रामको पुर्वाधार निर्माण कार्यमा यस आर्थिक बर्षमा खर्च नभई बाँकी रहेको फिर्ता पठाउनु पर्ने रकमवाट खर्च गरेको रकम संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | १५६,०८१ |
| ५४.३ | | | **ठेक्का सम्झौता**: औद्योगिक ग्रामको पुर्वाधार विकास निर्माण कार्यको लागि पालिकाले रु. ८७,५९,३३६।- को लगात अनुमान तयार गरी वोलपत्र आह्वान गरेकोमा ३ वटा निर्माण व्यवसायीले वोलपत्र पेश गरेकोमा सवै भन्दा न्युन कवोल रु. ३०,९३,४७९।- निर्माण व्यवसायी सि.आई.कन्स्ट्रक्सनले पेश गरेकोमा बोलपत्र मुल्याङ्कन समितिले उक्त वोलपत्र स्वीकृत गरी ७ दिनको म्याद दिई वोलपत्र स्वीकत गर्ने आशयको सुचना प्रभाव दैनिकमा २०७९।२।५ मा प्रकाशन भएको देखिन्छ । त्यस्तै मिति २०७९।२।१२ मा उक्त न्युन कवोल गर्ने वोलपत्रदातालाई १५ दिनको म्याद दिई सम्झौता गर्न आउने सम्वन्धि पत्र पठाएको देखिन्छ । पालिकाले सम्झौता गर्नको लागि तोकिएको म्याद २०७९।२।२६ भित्र वोलपत्रदाता सम्झौता गर्न नआएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(५) बमोजिम निज वोलपत्रदाताको जमानत रकम रु. १,९५,०००।- जफत गरी दोस्रो सारभुत रुपमा प्रभावग्राही वोलपत्रदाता ओम शिव कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई सम्झौताको लागि पत्राचार गर्ने मिति २०७९२।२७ मा निर्णय भएको देखिन्छ । जस अनुसार दोस्रो न्युनतम रकम रु. ८१,२६,३०२।- कवोल गर्ने निर्माण व्यवसायी ओम शिव कन्स्ट्रक्सन एण्ड सप्लायर्स संग सम्झौता गरी कार्य सम्पन्न बमोजिम रु. ८०,९१,१७१।- भुक्तानी दिएको देखिन्छ । सवै भन्दा न्युन कवोल गर्ने वोलपत्रदाता सि.आईर.कन्स्ट्रक्सन सम्झौता गर्न नआएको कारण नेपाल सरकारलाई रु. ५०,३२,८२३।- थप व्ययभार परेको देखिएको अवस्थामा पालिकाले उक्त फर्मको जमानत जफत गरेता पनी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ बमोजिम कालोसुचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यालयलाई पत्र पठाएको देखिएन । अतः पालिकाले निज निर्माण व्यवसायीलाई कालोसुचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५४.४</td><td></td><td></td><td>बिमा नगराएको : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले रु. ८७,५९,३३६।- लागत अनुमान भएको निर्माण कार्य सम्झौता गरी ओम शिव कन्स्ट्रक्सन एण्ड सप्लायर्सवाट निर्माण कार्य सम्पन्न गराएकोमा निज निर्माण व्यवसायीले निर्माण कार्यको विमा गराएको देखिएन । खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम निर्माण कार्यको विमा गराई भविष्यमा हुन सक्ने जोखिम न्युनि गर्नतर्फ ध्यान ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>कोभिड १९ खर्चः पालिकाले कोभिड १९ महामारी नियन्त्रण तथा व्यवस्थापनको लागि छुटैं खाता खोली उक्त खातामा विभिन्न निकायबाट प्राप्त आम्दानी र पालिकावाट विनियोजित रकमको छुट्टै लेखा राखी सोबाट खर्च गर्नुपर्नेमा चालु खर्चबाट कोरोना सम्बन्धी खर्च लेखेको देखिएता पनि कोरोना १९ को लागि भएको खर्चको अभिलेख नराखेको र लेखापरीक्षणको क्रममा कोभिड १९ सम्वन्धि खर्चको आय व्ययको विवरण माग गर्दा प्राप्त नभएकोले उक्त खर्चको सम्वन्धमा थप बिश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>बेरुजु अनुगमनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको निम्नानुसार बेरुजू फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गरिएकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ ।
<table>
<tr><th>आर्थिक बर्ष</th><th>बेरुजुको दफा नं</th><th>बेरुजुको संक्षिप्त व्यहोरा</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>२०७५।७६</td><td>२८</td><td>सुनन्दा आङ्गारभुत बिद्यालयको फर्निचर खरिदको दाखिला प्रमाण पेश भएको</td><td>१५००००</td><td>प्रमाण</td></tr>
<tr><td></td><td></td><td>रुगिन स्वास्थ्यचौकीको फर्निचर खरिको दाखिला प्रमाण पेश भएको</td><td>१२००००</td><td>प्रमाण</td></tr>
<tr><td></td><td></td><td>बडिमालिका माध्यामिक बिद्यालयको बिज्ञान प्रयोगशाला खरिदको प्रमाण पेश भएको</td><td>६५००००</td><td>प्रमाण</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>बागश्वरी आधारभुत विद्यालयको सुचना प्रविधि सामाग्रि खरिदको दाखिला प्रमाण पेश भएको</td><td>४०००००</td><td>प्रमाण</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३२००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>